# आर्थिक वर्ष २०८२/०८३ को
# नीति तथा कार्यक्रम

## बारपाक सुलिकोट गाउँपालिका
## गोरखा

गण्डकी प्रदेश, नेपाल

२०८२

# बारपाक सुलिकोट गाउँपालिका अध्यक्ष श्री विष्णु प्रसाद भट्टद्वारा
# सत्रौं गाउँसभाको अधिवेशनमा
# प्रस्तुत नीति तथा कार्यक्रम

# आर्थिक वर्ष २०८२/०८३ को
# नीति तथा कार्यक्रम

## बारपाक सुलिकोट गाउँपालिका
## गोरखा

गण्डकी प्रदेश, नेपाल

**मिति २०८२ असार १० गते मंगलबार ।**

**गाउँसभाका उपाध्यक्ष ज्यू,सदस्य सचिव ज्यू, सदस्यहरु एवं कर्मचारी साथीहरु,**

बारपाक सुलिकोट गाउँपालिकाको गाउँसभाको १७ औं अधिवेशनको यो ऐतिहासिक क्षणमा सबैलाई अभिवादन गर्न चाहन्छु । गाउँसभाको सत्रौं अधिवेशनमा गाउँपालिकाको आर्थिक वर्ष २०८२/२०८३ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा अत्यन्तै गौरवान्वित भएको छु । यस महत्वपूर्ण घडीमा नेपालका पहिलो सहिद लखन थापा मगर, जनयुद्धका पहिलो सहिद दिल बहादुर रम्तेल लगायत नेपाली जनताको रगतले सिंचित जनयुद्ध तथा विभिन्न राजनैतिक परिवर्तनको आन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दै घाइते तथा वेपत्ता योद्दाहरु प्रति उच्च सम्मान प्रकट गर्न चाहान्छु । साथै राष्ट्रियता, स्वाधीनता, सामाजिक न्याय, समानता र संघीय शासन प्रणाली स्थापना गर्न संघर्ष गर्नुहुने सम्पूर्ण नेपाली जनतामा सम्मान व्यक्त गर्दछु । सात दशक लामो बलिदानीपूर्ण संघर्षको विभिन्न काल खण्डमा नेपाली जनतालाई नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेताहरुको योगदान हाम्रा लागि सदैव प्रेरणादायी छ । तिनै योद्धाहरुको रगतसँग साँटिएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सार्थक तुल्याउनु महत्वपूर्ण जिम्मेवारी बोध गरेको छु ।

आवधिक निर्वाचन लोकतान्त्रिक शासन व्यवस्थाको मेरुदण्ड हो । निर्वाचित जनप्रतिनिधिहरुबाट जनअपेक्षा अनुसारको शासन, पूर्वाधार विकास तथा प्रभावकारी सेवा प्रवाह गर्दै संघीयता कार्यान्वयनमा महत्वपूर्ण योगदान रहने विश्वास लिएको छु। निर्वाचन हुँदाका बखत हामी निर्वाचित जनप्रतिनिधिहरुले बारपाक सुलिकोट गाउँपालिकाको समग्र समृद्धिको लागि जनतासँग गरेका प्रतिबद्धताहरुलाई कार्यान्वायन गर्न हामीसँग भएका सीमित स्रोत साधन, दक्ष जनशक्ति व्यवस्थापनका अप्ठ्याराहरु, संक्रमणकालीन कानुन र विगत वर्षका हाम्रा अनुभवहरुलाई समेत ध्यान दिँदै आम जनतासँग गरेका वचनवद्धता प्रति हामी सदैव प्रतिवद्ध रहने कुरा गाउँपालिकाबासी जनसमुदायलाई विश्वास दिलाउन चाहान्छु । जनताका आधारभूत सेवा सुविधा जनताकै सबैभन्दा निकटका निकायबाट प्रवाह गर्दा बढी प्रभावकारी हुन्छ भन्ने व्यवस्था नै संघीय शासन प्रणाली हो । यसै सन्दर्भमा आजको गाउँसभामा हामी दीर्घकालिन सोच र लक्ष्यका साथ आगामी आर्थिक वर्ष ०८२/०८३ मा बारपाक सुलिकोट गाउँपालिकाले लिनुपर्ने नीति तथा कार्यक्रम तयार गरी गाउँपालिकाको समृद्धिको खाका कोर्ने अवसरमा जुटिरहेका छौ । सामाजिक न्याय सहितको समाजवादको निर्माणको आधार तयार गर्नु हामी सवैको यतिवेलाको कार्यभार हो । त्यसैको लागि हामी एकजुट हुन जरुरी छ ।

**गाउँसभा सदस्य ज्यूहरु,**

**अब म चालु आर्थिक वर्ष ०८१/०८२ को प्रगति समीक्षा प्रस्तुत गर्न चाहन्छु**

१. चालु आ.व.मा संघ तथा प्रदेश सरकारसँगको सहकार्यमा सडक स्तरोन्नतीको कामलाई तीव्रता दिईएको छ । प्रदेश सरकारको सहयोगमा घ्याम्मपेसाल-देउराली-पाल्खु सडक खण्डको ८

किलोमिटर सडक कालोपत्रे भएको छ भने संघीय सरकारको सहयोगमा पाल्खु-हुँडीफाँट सडक कालोपत्रेको कार्य सम्पन्न भएको छ। साथै संघीय समपूरक अनुदान र गाउँपालिकाको सहलगानीमा ढोडेनी-सौरपानी सडक कालेपत्रेको लक्ष्य राखी कार्य भईरहेको छ।

२. यस वर्ष गाउँपालिका भित्र सञ्चालित विभिन्न योजनाहरु अन्तरगत कुल २७ किलोमिटर सडक कालोपत्रे, ९.७० कि.मी. सडक ग्राभेल, २.८७ कि.मी. सडक ढलान भएको छ।

३. चालु आ.व.मा २५ ओटा खानेपानी योजना सम्पन्न भएका छन जसबाट २०० घरधुरी लाभान्वित भएका छन।

४. आ.व. २०८२/०८३ बाट सञ्चालन गर्ने लक्ष्यसहित १५ शैय्याको सहिद प्रेम ढकाल समृति आधारभूत अस्पतालको निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

५. त्यसैगरी १७ ओटा सामुदायिक भवन, २ ओटा शवदाह गृह, ३ ओटा ढल निकास निर्माण योजना, २६ ओटा सिंचाई योजना, एउटा चौतारी, ३ ओटा मन्दिर र १ ओटा गुम्बाको निर्माण तथा मर्मत कार्य सम्पन्न भएका छन्।

६. पर्यटन पूर्वाधार विकास तर्फ सहिद दिल बहादुर रम्तेल स्मृति पार्कमा नेपालका प्रथम सहिद लखन थापा मगर, सहिदहरु सुरेश वाग्ले र क्या. यज्ञ बहादुर थापा को अर्धकदको सालिक (Statue), १९९७ मा तत्कालीन राणा सरकारद्धारा मारिएका चार सहिदहरु धर्मभक्त माथेमा, गंगालाल श्रेष्ठ, शुक्रराज शाश्त्री र दशरथ चन्द, झापा आन्दोलनका योद्धाहरुको सालिक एवं यस गाउँपालिका स्थायी ठेगाना भई जनयुद्धको क्रममा सहादत प्राप्त गर्ने २८ जना सहिदहरु , १ जना बेपत्ता योद्धा को स्मृति तथा सम्मानमा स्तम्भ निर्माण सम्पन्न हुने अवस्थामा रहेको छ।

७. गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल (VITOF Nepal) सँग समन्वय गरि होमस्टे सञ्चालन तथा प्रवर्द्धन सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ।

८. चालु आ.व. २०८१/०८२ का पूर्वाधार विकासतर्फका स्वीकृत २१० योजनाहरु मध्ये ९ ओटा योजनाहरु ठेक्का प्रणालीमार्फत निर्माण व्यवसायीमार्फत र २०१ ओटा योजना उपभोक्ता समिति मार्फत कार्यान्वयनमा आएका छन्।

९. नागरिकलाई स्वच्छ र सुरक्षित खानेपानीको प्रत्याभूति र सार्वजनिक स्वास्थ्य प्रवर्द्धन, स्वच्छता स्तर सुधार तथा दिगो विकास लक्ष्य (SDG-6) प्राप्त गर्ने उद्देश्यले गाउँपालिकाका ३ ओटा वडामा N-WASH योजना तर्जुमा गर्न प्रारम्भिक सर्वेक्षण तथा आवश्यक तथ्यांक संकलन कार्य सम्पन्न गरिएको छ।

१०. आगलागीबाट क्षति भएका ३ ओटा निजी आवास मर्मतको लागि रु. १० हजार देखि ५० हजार सम्मको रकम राहत स्वरुप उपलब्ध गराइएको छ।

११. मनसुनजन्य विपदका कारण जोखिममा परेका २१ घर परिवारलाई निजी आवास मर्मत तथा संरक्षणका लागि रु. १० हजार देखि ५० हजार सम्म राहत उपलब्ध गराइएको छ ।

१२. आगलागी जन्य र मन्सुन जन्य विपदबाट पूर्ण क्षति भएको २ ओटा निजि आवासको पुनःनिर्माण भई भुक्तानी भएको छ भने २ ओटा निजि आवासको अन्तिम किस्ता भूक्तानीको लागि जिल्ला विपद व्यवस्थापन समिति, गोरखामा सिफारिस गरिएको छ ।

१३. विपद्को अवस्थालाई मध्यनजर गर्दै तत्काल त्रिपाल र आवश्यक ग्याबिन जालीहरु उपलब्ध गराइएको छ ।

१४. गाउँपालिकाका किसानहरुले उत्पादन गरेको कृषि, पशु र दूधजन्य उत्पादनको बजारीकरणको लागि सुलिकोट बहुउद्दश्यीय सहकारी संस्थासँगको साझेदारीमा कृषि एम्बुलेन्स सञ्चालनमा ल्याईएको छ ।

१५. आलु पकेट क्षेत्र स्थापना कार्यक्रम अन्तर्गत सबै वडाबाट गरि २० ओटा कृषक समूह र ४० जना कृषकलाई ५०% अनुदानमा आलु वीउ वितरण गरिएको छ । जसबाट यस वर्ष १२ मेट्रिक टन आलु उत्पादन भएको छ |

१६. मकै बालि प्रवर्द्धन कार्यक्रम अन्तर्गत अरुण-२ जातको १.८ टन, रामपुर कम्पोजिट जातको २.२५ टन र मनकामना ३ जातको ९०० के. जी. मकैको वीउ किसानलाई वितरण गरिएको छ ।

१७. आधुनिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम अन्तरगत सबै वडाबाट ३० ओटा कृषक समूह र ४० जना कृषकलाई उन्नत तथा हाईब्रिड तरकारी वीउ वितरण गरिएको छ ।

१८. किवी खेती विस्तार कार्यक्रम अन्तर्गत वडा नं १,२,३ र ४ मा किवी खेती निरन्तर संचालनमा छ । जस मार्फत वार्षिक करिव ६ मे.ट. सम्म किवी फल उत्पादन हुने गरेको छ ।

१९. किसानको मनोबल उच्च बनाउन विभिन्न विधाका १३ जना उत्कृष्ट किसानलाई जनहि १२ हजार रुपैयाँ तथा प्रमाणपत्र सहित सम्मान गरिएको छ ।

२०. वडा नं ३ र ४ को सीमानामा पर्ने कागतेखर्कमा ओखर खेती प्रवर्धन कार्यक्रम सञ्चालन गरिएको छ । जसमा २२०० ओटा ओखरको विरुवा र ५० ओटा स्याउको विरुवा रोपिएको छ । साथै अन्तरबालीको रुपमा बेसार, काँक्रो, बोडि लगायतका तरकारी वीउ तथा बारबन्देज समेत हुने गरी १५०० वटा टिमुरका बिरुवा समेत रोपिएको छ ।

२१. वडा नं १ र २ बारपाकमा ३० जना होटल व्यवसायी तथा होमस्टे संचालकहरुलाई रैथाने बालीबाट विभिन्न परिकारहरु बनाउने तालिम प्रदान गरिएको छ ।

२२. नि:शुल्क पशु स्वास्थ्य औषधि, खोप तथा शिविर कार्यक्रमबाट कुल ३७८१ घरधुरि कृषकका २१,४३४ पशु र ५,९८४ पन्छी को औषधि उपचार सेवा पाएका छन् ।

२३. ६ ओटा पशु सेवा इकाईमा गोबर परीक्षण ल्याब सञ्चालनमा ल्याइएको छ। जसबाट पशुपालक किसानहरुले आफ्ना पशुचौपायाको गोबर परीक्षण गरि स्वास्थ्य सम्बन्धि जानकारि लगायतका लाभ लिन सक्नेछन्।

२४. उत्पादनमा आधारित अनुदान कार्यक्रम अन्तरगत वडा नं १,२,३ र ६ का ७५५ घरधुरी कृषकले २५ लाख रुपैयाँ अनुदान प्राप्त गरेका छन। बाँकी वडाका किसानलाई १० लाख रुपैयाँ भुक्तानीको प्रकृयमा छ।

२५. आ.व २०७९/८० मा लम्पि स्किन रोगको कारणबाट मरेको जोत्ने गोरुलाई राहत स्वरुप १ ओटा गोरु मरकोलाई १०,०००।– र २ ओटा वा सो भन्दा बढि मरेको गोरुलाई १५,०००।– का दरले वडा नं. १,२,३ र ४ का १३७ घरधुरी गोरु पालक कृषकलाई राहत वितरण गरिएको छ।

२६. ६ लाख रुपैयाँको लगानीमा २७५ घरधुरि कृषकको १८५० ओटा बाख्रा र ५२५ ओटा भैसि गरि जम्मा २३७५ ओटा पशुधनको निःशुल्क वीमा गरि पशु धनलाई सुरक्षित गरिएको छ।

२७. कृत्रिम गर्भाधान तथा नश्ल सुधार कार्यक्रम अन्तरगत, आवश्यक समाग्री खरिद गरि यस पालिकाको सबै वडामा पशुमा कृत्रिम गर्भाधान सेवा सुरु भई हाल ६ ओटा उन्नत पाडापाडि तथा बाच्छा बाच्छि जन्म भइसकेको छ।

२८. बारपाक बहुप्राविधिक शिक्षालयमा प्रयोगात्मक अभ्यासबाट दक्ष पशु प्राविधिक जनशक्ति विकास गर्न १ओटा भैसि,१ ओटा गाई २ ओटा बंगुरको पाठापाठी प्रदान गरिएको छ।

२९. वडा न. ८ पन्द्रुङमा बाख्रा श्रोतकेन्द्र बिकास को लागि ८ ओटा ब्याड बोका र ९ ओटा खोर सुधार गरिएको छ।

३०. बाख्रा बिकास कार्यक्रमको लक्षित क्षेत्र वडा नं: ६ मा २२ ओटा नयाँ खोर निर्माण तथा ९१ वडा खोर सुधार गरिएको छ।

३१. बारपाकमा रहेका भेडा पालक कृषकका करिव ४५०० भेडामा छालासम्बन्धी रोगको निवारणको लागि प्रदेश सरकारको सहयोगमा उपचार गरिएको छ।

३२. पशु विज्ञ केन्द्र गोरखा सँग समन्वय गरि पशुमा पूर्ण खोप कार्यक्रम सञ्चालन गरिएको छ। त्यस्तै गरि माछा पालक कृषकलाई ग्रास कमन कार्प जातको १० हजार भुरा वितरण गरिएको छ।

३३. सुरक्षित आप्रवासन कार्यक्रम अन्तरगत ३३१ जनालाई वित्तिय साक्षरता तालिम प्रदान गरिएको छ।

३४. रोजगारी सिर्जना अन्तर्गत २१ ओटा योजनाहरु सम्पन्न भई १२६८ जनाले आंशिक रोजगारी प्राप्त गरेका छन्।

३५. वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरुलाई रोजगार सेवा केन्द्र मार्फत online form भर्ने सेवा प्रदान गरिएको छ।

३६. ८ वटौ वडामा आ.ब २०८२/०८३ का लागि EMIS प्रणालीमा वेरोजगार व्यक्तिहरुको सूची दर्ता तथा नविकरण गरिएको छ।

३७. यस वर्ष वैदेशिक रोजगारीको शिलशिलामा श्रम अवधिभित्र अंग-भंग भएका १ जना तथा मुत्यु भएका ५ जनाको घरपरिवारलाई आर्थिक सहायता तथा शव उद्धार कार्यमा समन्वय गरिएको छ।

३८. सबै विद्यालयमा सट्टा शिक्षकको व्यवस्था गरि सुत्केरी तथा लामो समयको विरामी शिक्षकको विदा अवधिमा समेत विद्यालयमा शिक्षक अनुपस्थितिलाई शून्य बनाईएको छ।

३९. **Room to Read** सँगको सहकार्यमा पालिका भरिका सामुदायिक विद्यालयको कक्षा १ र २ मा साक्षरता कक्षा सञ्चालन गरिएको छ।

४०. बराम र दलित समुदायका स्नातक तथा स्नातकोत्तर अध्ययन गर्ने विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिएको छ।

४१. कम्तीमा पनि ३ वर्षसम्म यस गाउँपालिकाको अस्पताल वा स्वास्थ्य संस्थामा सेवा गर्ने सर्तसहित **MBBS** अध्ययनरत १ जनालाई विगत दुई वर्षदेखि छात्रवृत्रि प्रदान भईरहेको छ।

४२. विद्यार्थीहरुमा खेलकुद प्रतिभाको विकासका लागि निरन्तर रुपमा बारपाक सुलिकोट रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गरिएको छ। क्लब तथा टोलस्तरीय खेलकूद प्रतियोगितामा, खेलकूद सामाग्रीहरु, आर्थिक सहयोग एवं प्रोत्साहन उपलब्ध गराईएको छ।

४३. विद्यार्थीहरुलाई विज्ञान विषयप्रति रुचि जगाउने उदेश्यले पालिकास्तरीय विज्ञान प्रदर्शनी कार्यक्रम संचालन गरिएको छ।

४४. अनाथ र असहाय वालवालिकाहरुलाई शिक्षाबाट बञ्चित हुन नदिन मनास्लु आधारभूत विद्यालयमा निःशुल्क छात्रावास सञ्चालन गरिएको छ। जसमा **२१ जना छात्रछात्राहरुले सुविधा प्राप्त गरिरहेका छन।**

४५. विद्यार्थीहरुको पढाइ सँगै थप सीपको विकास गराउनका लागि सृजनशिल शुक्रबार कार्यक्रम, माध्यमिक तह स्तरीय वकृत्वकला, तीजगीत एवं नृत्य, हाजिरी जवाफ प्रतियोगिता सञ्चालन भएका छन्।

४६. बारपाक बहुप्राविधिक शिक्षालयमा पढ्दै कमाउदै कार्यक्रम संचालन, छात्रवृति लगायतको खर्च गाउँपालिकाले ब्यहोर्दै आईरहेको छ।

४७. सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि अभिभावक शिक्षा कार्यक्रम, किशोर किशोरी शिक्षा कार्यक्रम, विद्यालय व्यवस्थापन समितिलाई क्षमता विकास तालिम, विद्यालय सुधार योजना कार्यशाला लगायतका तालिमहरु सञ्चालन गरिएको छ।

४८. यस वर्ष SEE दिएर बसेका ११७ जना विद्यार्थीहरुले **निःशुल्क कम्प्युटर शिक्षा** प्राप्त गरेका छन् ।

४९. उच्च औषत ग्रेड प्वाईन्टका आधारमा गणतन्त्र दिवसको अवसरमा **१७ जना उत्कृष्ट शिक्षक** र **१३ जना उत्कृष्ट विद्यार्थी**लाई नगदसहित सम्मान गरिएको छ।

५०. बारपाक सुलिकोट गाउँपालिकाका सामुदायिक विद्यालयमा बालविकास कक्षा, आधारभूत र माध्यमिक तहमा कार्यरत सहजकर्ता/शिक्षकहरुलाई विषयगत तालिम साथै प्र.अ.हरुलाई ICT तालिम प्रदान गरिएको छ।

५१.

५२. SEE को ग्रेड बृद्धी परिक्षाको लागि १२५ जना विद्यार्थीले निःशुल्क तयारी कक्षाको अवसर प्राप्त गरेका छन्।

५३. समुतीर्ण हुने विद्यार्थीलाई मात्रै कक्षा उकाल्ने र हरेक तहको ग्रेडबृद्धि परिक्षाको व्यवस्था गरिएको छ।

५४. प्रधानाध्यापकसँग कार्यसम्पादन करार गरि कार्यसम्पादन करारका १०० सूचकका आधारमा सबैभन्दा उच्च अङक प्राप्त गर्ने प्रधानाध्यापकलाई उत्कृष्ट प्रधानाध्यापकको रुपमा सम्मान गरिएको छ।

५५. सार्वजनिक शिक्षाको गुणस्तर वृद्धिका लागि हामीले गरेको नवीन पहल, योगदान र प्रतिवद्धताका लागि Principles Association of Nepal (PAN) बाट गण्डकी प्रदेशकै उत्कृष्ट गाउँपालिकाको रुपमा सम्मान प्राप्त भएको छ।

५६. बैंक तथा वित्तिय संस्थासँगको सहकार्यमा टोल टोलमा घुम्ती शिविर सञ्चालन गरि लाभग्राहीलाई हातहातमै सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ।

५७. सामाजिक सुरक्षा भत्ता नवीकरणलाई सरल र प्रविधिमैत्री बनाउन बायोमेट्रिक स्क्यानर डिभाईस (BIOMETRIC SCANNER DEVICE) को प्रयोग गरिएको छ।

५८. बिजुलीवत्तीको समस्या समाधान गर्नका लागि सबै वडा कार्यालयमा वैकल्पिक ऊर्जाको सामाग्री (सोलार सिस्टम) को क्षमता बढाइ नियमित मर्मत गरी सञ्चालनमा ल्याइएको छ।

५९. बारपाकलाई केन्द्रविन्दु बनाएर गएको २०७२ साल को विनाशकारी भूकम्पको १० औँ स्मृति दिवसको अवसरमा उक्त भूकम्पसँग सम्बन्धित जनचेतनामुलक फोटो प्रदशर्नी गरिएको छ। प्रदर्शन गरिएका फोटोहरु निर्माणाधिन भूकम्प समृति संग्रहालयमा राखिनेछन्।

६०. सबै वडा कार्यालय र स्वास्थ्य संस्थामा अत्यावश्यक फर्निचर, कम्प्युटर र ल्यापटप तथा स्वास्थ्य उपकरणको व्यवस्था गरिएको छ।

६१. गाउँपालिका, वडा कार्यालय, स्वास्थ्य संस्था लगायतको जिन्सी निरीक्षण सम्पन्न गरी गाउँपालिकाको चल अचल सम्पतिको अभिलेखिकरण गरिएको छ।

६२. न्यायिक समितिबाट चालु आ.व.का ११ ओटा निवेदनहरुमध्ये ७ ओटा निवेदनको फछर्यौट गरिएको छ भने ४ ओटा निवेदनहरु फर्छयौट हुने क्रममा छन्।

६३. ४२ जना जटिल अवस्थाका गर्भवती एवं सुत्केरीलाई थप उपचारका लागि सुविधासम्पन्न अस्पताल पुर्‍याउन नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ|

६४. बारपाक सुलिकोटको चेली उपाध्यक्षको कोसेली कार्यक्रमार्फत १३३ जना गर्भवती महिलालाई पोषण सामाग्री बितरण गरिएको छ।

६५. ३८ जना महिलालाई सुरक्षित गर्भपतन सेवा प्रदान गरिएको छ।

६६. ६६० जना जेष्ठ नागरिकलाई निःशुल्क स्वास्थ्य सेवा तथा परामर्श सेवा प्रदान गरिएको छ।

६७. आफैँ शौचालय बनाउन नसक्ने १५० विपन्न घरपरिवारलाई शौचालय निर्माणका लागि प्रति घरपरिवार तीस हजार रुपैयाँ उपलब्ध गराईएको छ।

६८. सुत्केरी आमा भेट (PNC) कार्यक्रम अन्तर्गगत ९३ जना सुत्केरी आमा र नवजात शिशुलाई भेट गरी स्वास्थ्य परीक्षण गरिएको छ।

६९. संस्थागत सुत्केरी हुने ५९ जना सुत्केरीलाई पोषण खर्च उपलब्ध गराइएको छ।

७०. आँखा शिविरबाट ८१९ जना विरामीको स्वास्थ्य जाँच गरि ६५ जनाको आँखाको निःशुल्क शल्यक्रिया गरिएको छ।

७१. स्त्री रोगबाट पीडित ३७३ जना, VIA पोजेटिभ भएका २३ जना, STI बाट पीडित ५४ जना र आङ खस्ने समस्या भएका ७ जनालाई निःशुल्क स्वास्थ्य सेवा प्रदान गरिएको छ।

७२. मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराईरहेका, क्यान्सर र मेरुदन्ड पक्षघातका ६५ जना विरामीलाई औषधी उपचार बापत जनही पाँच हजार रुपैयाँ उपलब्ध गराइएको छ।

७३. २ बर्ष भन्दा मुनिका बालबच्चालाई जोख्न ल्याउँदा बच्चाको आमालाई ४ ओटा अण्डा दिईने कार्यक्रम अन्तरगत यस वर्ष ३३२ जना सुत्केरी आमाहरुले औसतमा २२ पटकका दरले २९२१६ ओटा अण्डा वितरण गरिएको छ ।

७४. २२ ओटा विद्यालयमा करेसाबारी निर्माण गरि सोहि करेसाबारीबाट उत्पादित खानेकुरा विद्यार्थीहरुको दिवा खाजामा आंशिक रुपमा समावेश गरिएको छ।

७५. सुनौला हजारदिनका ३८० जना सुत्केरी आमाहरुलाई करेसाबारी निर्माणका लागि जनही तिन हजार रुपैयाँ र तरकारीको वीउ उपलब्ध गराईएको छ।

७६. ८ पटक गर्भ जाँचको लागि आउने सुनौला हजार दिनका आमाहरुलाई प्रत्येक भेटमा पोषिलो झोला (चना, फलफूल, अण्डा गेडागुडी) वितरण गर्ने गरिएको छ।

७७. सबै वडाका खानेपानीका स्रोतहरुको गुणस्तर परीक्षण गरि सुरक्षित खानेपानीको सुनिश्चितता र मुहान संरक्षणका लागि खानेपानी उपभोक्ताहरुलाई अभिमुखिकरण प्रदान गरिएको छ।

७८. सबै वडाका बालबालिकाहरुलाई पूर्ण खोप दिइ पूर्ण खोप शुनिश्चतता तथा दिगोपना गाउँपालिका घोषणा गरिएको छ। साथै १२ जना HIV AIDS का बिरामीको पोषण सुधारका लागि सहयोग प्रदान गरिएको छ।

७९. १७३३ जना विद्यार्थीहरुको HB-Blood Grouping र मृगौला परीक्षण गरिएको छ।

८०. ३२ जना बालबिकास सहजकर्ताहरुलाई पोषण सम्बन्धी अभिमुखिकरण तालिम प्रदान गरिएको छ।

८१. सबै वडामा वडा स्तरीय किशोरी क्लब गठन, अभिमुखीकरण कार्यक्रम तथा बालविवाह न्यूनीकरण, किशोरी शिक्षा तथा आत्महत्या न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम संचालन गरिएको छ।

८२. वडा न ७ देउरालीमा साबुन व्यवसायमा संलग्न रहेका १० जना उद्यमीहरुलाई नुहाउने साबुन र स्याम्पु निर्माण सम्बन्धि स्तरोन्नति तालिम र साबुन बनाउने मेसिन प्रदान गरिएको छ ।

८३. वडा नं. १,२,३ र ४ मा ८५ जनालाई अल्लो र लोक्ता प्रशोधन सम्बन्धि ७ दिने प्राविधिक सीप विकास तालिम प्रदान गरिएको छ।

८४. वडा नं ४ को चुनेडाडामा २९ जनालाई व्यवसायिक समूहमा आवद्ध गराई ८ दिने उद्यमशीलता तालिम तथा दिवा खाजा निर्माण सम्बन्धि तालिम प्रदान गरिएको छ।

८५. सामाजिक बिकास कार्यलय, गोरखा सँग समन्वय गरि लैङ्गिक हिंसा विरुद्ध सचेतनामुलक गीत प्रतियोगिता सञ्चालन गरिएको छ ।

८६. गाउँपालिकाको आ.व. २०८०/०८१ को समग्र सेवा प्रवाह र कार्य सम्पादनको आधारमा सामाजिक परीक्षण र जनशक्ति व्यवस्थापनलाई वैज्ञानिक बनाउन संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण गरिएको छ।

८७. स्थानीय भौगोलिक अवस्था, बस्ती संरचना, जनघनत्व, ग्रामीण बस्तीहरू जोड्ने सडक, बजारसम्मको पहुँच सुधार्ने सडक, विद्यालय, स्वास्थ्य संस्था लगायतका सेवा सुविधासम्म सहज पहुँच पुर्याउने सडकको विस्तृत अध्ययनका आधारमा प्राथमिकता र वर्गीकरणसहितको सडक यातायात गुरुयोजना तयार गरिएको छ। साथै दोस्रो आवधिक योजना निर्माणको चरणमा रहेको छ ।

८८. गाउँपालिका, वडा कार्यालय तथा स्वास्थ्य संस्थामा गरि १९ ठाउँमा ई-हाजिरि (E-Hajiri) मेसिन जडान गरिएको छ।

८९. गाउँपालिकाको नीति, कार्यक्रम, योजना र सेवा प्रणालीमा सबै लिंग, वर्ग, जाति तथा सीमान्तकृत समुदायहरूको समान पहुँच, सहभागिता र लाभ सुनिश्चित भएको छ कि छैन भन्ने मूल्याङ्कन गर्नको लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण(GESI Audit) गरिएको छ।

९०. गाउँपालिकाका भित्रका सुनौला १००० दिनका आमा, गर्भवती, किशोरकिशोरी, लगायत सम्पुर्णको पोषण तथा स्वास्थ्य अवस्थाको मूल्याङ्कनका साथै जोखिम समूह, सेवा पहुँचको अवस्था, खानेकुरा तथा जीवनशैली सम्बन्धी जानकारी प्राप्त गर्न सर्भेक्षण गरिएको छ । साथै यस सर्भेक्षण संगै भू-उपयोग योजना तथा जग्गा वर्गीकरणको अभिलेखिकरणमा छुट तथा त्रुटी भएका विवरण संशोधन गर्न, जग्गाको उपयोग दर तथा योजना निर्माण कार्यलाई सहज बनाउन जग्गा वर्गीकरण सम्बन्धि सर्भेक्षणको कार्यलाई अगाडि बढाइएको छ।

गाउँसभा सदस्य ज्यूहरु,

अब म बारपाक सुलिकोट गाउँपालिकाको आ.व. २०८२/०८३ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका **आधार, आधार क्षेत्र, उद्देश्य तथा प्राथमिकता** निम्न बमोजिम प्रस्तुत गर्दछुः

## (क) <u>आधारहरु</u>

- नेपालको संविधानको प्रस्तावना, मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरु
- गण्डकी प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु
- गण्डकी प्रदेश सरकारले लिएका आर्थिक तथा वित्तीय नीतिहरु
- संविधानमा व्यवस्था भएका एकल तथा साझा अधिकारको सूचि
- बारपाक सुलिकोट गाँउपालिकाको आवाधिक योजनाले तय गरेका प्राथमिकताहरु

- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरु
- स्थानीय सरकार सञ्चालन ऐन,२०७४ तथा अन्य स्थानीय तह सञ्चालनसम्बन्धि ऐन, नियमावलीका प्रावधानहरु
- विकासका समसामयिक मुद्दाहरु, दीगो विकास लक्ष्य, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाद्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तीकरण तथा समावेशी विकास
- बालमैत्री तथा वातावरणमैत्री स्थानीय शासन, पूर्ण सरसफाई लगायतका अन्य सम्बन्धित विषयहरु
- हामी बाट निर्वाचनको समयमा जारी गरिएका प्रतिवद्धता पत्रहरु एवं चुनावी घोषणा-पत्र
- विगत आर्थिक वर्षहरुमा बारपाक सुलिकोट गाउँपालिकाले तयार पारेका नीति तथा कार्यक्रम र योजनाहरु
- कार्यक्रम तथा बजेट तर्जुमा समिति, राजश्व परामर्श समिति, विषयगत समितिहरु लगायतका समितिबाट प्राप्त प्रतिवेदन तथा सुझावहरु
- बस्ती तथा वडास्तरबाट आएका सुझावहरु
- विभिन्न राजनैतिक दलहरु, संघसंस्थाका प्रतिनिधिहरु, गाउँपालिकाबासी सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरुका सल्लाह तथा सुझावहरु ।

## (ख) <u>उद्देश्यहरु</u>

- ❖ जनताको न्यूनतम आधारभूत आवश्यकताको परिपूर्ति गर्ने।
- ❖ स्वरोजगारी सिर्जना र गरिवि न्यूनिकरण गर्ने।
- ❖ भौतिक एवं सामाजिक विकासको पूर्वाधार विकास गर्ने।
- ❖ गुणस्तरीय मानव श्रोत विकासलाई प्राथमिकता दिने ।
- ❖ आर्थिक सम्वृद्धि, सामाजिक, साँस्कृतिक रुपान्तरण सहितको मानवीय विकास गर्ने।
- ❖ उपलब्ध साधनस्रोत र सीपको सदुपयोग गरी उत्पादन र उत्पादकत्व बढाउने।
- ❖ विकासका पूर्वाधारको गुणस्तरीयता कायम गर्ने।
- ❖ सामाजिक शोषणका सबै अवशेष अन्त्य गर्न आर्थिक समद्धि र सामाजिक-साँस्कृतिक रुपान्तरण अभियान संचालन गर्ने ।
- ❖ शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुत्वता, आवास, सामाजिक न्याय, सामाजिक सुव्यस्था, दिगो विकास गर्दै समाजवादको आधार खडा गर्ने।
- ❖ जलस्रोत, उर्जा, कृषि, पर्यटन, पशुपालन, जंगल, जडिबुटी उत्पादन जस्ता आर्थिक उपार्जनका क्षेत्रलाई समुचित र न्यायसँगत ढंगले उपयोग गर्ने, कृषक समूह, सहकारीलाई प्रोत्साहित गर्ने र

स्थानीय कच्चा पदार्थमा आधारिति उद्योगको स्थापना गर्दै मानव सूचकाङ्कको विकास गर्न योजनावद्ध र एकिकृत ढंगले अगाडि बढ्ने।

- ❖ बाँझो हुँदै गएका जमिनमा बहुबर्षीय नगदेबाली र व्यावसायकीकरणको माध्यमबाट परम्परागत कृषिलाई आधुनिकीकरणतर्फ लैजाने ।
- ❖ ठूला पूर्वाधारका आयोजना निर्माण र स्तरोन्नति, स्थानीय प्राथामिकताका क्षेत्र र आयोजनामा विधि सम्मत र कानुन सम्मत तरिकाले साझेदार निकायहरुलाई आमन्त्रण गर्ने।
- ❖ कृषि, वनमा आधारित साना तथा लघु उद्योगहरुको स्थापना र संचालनमा विशेष ध्यान दिने र विभिन्न उत्पादन र रोजगारमा विशेष ध्यान दिई परनिर्भरतालाई घटाउने।
- ❖ नेपालको संविधानमा मौलिक अधिकारको रुपमा प्रत्याभूती गरिएका शिक्षा, स्वास्थ्य, रोजगार, खाद्य सम्प्रभुता, आवास जस्ता विषयलाई कानुनबनाई प्रभावकारी ढंगले लागु गर्ने,
- ❖ स्रोतसाधनको अधिकतम परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हाँसिल गर्दै प्राप्त स्रोत साधनको न्यायोचित वितरण, आर्थिक, सामाजिक असमानता हटाउने, शोषण रहित समाजको निर्माण गर्दै समाजवादी अर्थतन्त्रको आधार खडा गर्ने।
- ❖ स्वतन्त्र, निष्पक्ष, मानवअधिकार, लैंगिक समानता, सामाजिक न्याय, समावेशी र समानुपातिक सिद्धान्तलाई आत्मसाथ गर्दै लोककल्याणकारी व्यवस्थालाई सुदृढ र दिगो बनाउँदै लैजाने।
- ❖ विकास निर्माणमा क्षेत्रीय सन्तुलन कायम गर्ने, पछाडि परेका क्षेत्र पहिचान गरी प्राथामिकतामा ल्याउने, गाँउपालिकाका गौरवका आयोजना छनौट गरी कार्यान्वयन गर्ने, विभिन्न कृषि पशुपालन पकेट क्षेत्रको ब्लक तथा पकेट क्षेत्रको स्तरोन्नति गर्ने, सूचना प्रविधिलाई थप सुदृढ गराउने, विपन्न परिवारलाई आयआर्जनका उपाय सुझाउने, स्वास्थ्य क्षेत्रको दिगो र प्रभावकारी व्यवस्थापन, विपद जोखिमको व्यवस्थापन गर्ने, आयुर्वेदको संरक्षण र विकास, श्रमको सम्मान गर्ने संस्कृतिको विकास, प्रविधिमैत्री शिक्षामा जोड, पारिवारिक र सामाजिक हिंसामा परेका व्यक्तिको पुनर्स्थापना र संरक्षण, अनुगमन मुल्यांकनलाई व्यवस्थित गर्ने।
- ❖ बजार, व्यापार व्यवसाय, औषधी पसल दैनिक उपभोग्य उत्पादित वस्तुको विक्रि वितरणमा हुने कालो बजारी, कृत्रिम अभाव लगायतका अपराधजन्य कार्यहरुको निरन्तर अनुगमन गरी गलत कार्य गर्नेलाई कारवाहीका लागि सिफारिस गर्ने।
- ❖ सुशासन प्रवर्द्धन र संस्थागत क्षमता विकास गर्ने।

## (ग) प्रमुख आधार क्षेत्रहरु

१. सामाजिक विकास
२. पूर्वाधार विकास
३. आर्थिक विकास
४. वन, वातावरण तथा विपद् व्यवस्थापन

५. सुशासन तथा संस्थागत विकास

**(घ) प्राथमिकता**

- स्वास्थ्य, शिक्षा , सीपमूलक तालिम, प्रविधि र युवा तथा खेलकुद।
- कृषि तथा पशुपालन र सिंचाई क्षेत्रको व्यापक रुपान्तरण र स्वरोजगारी सिर्जना गर्ने।
- खानेपानी व्यवस्थापन, आधारभूत स्वास्थ्य तथा सरसफाई लाई व्यवस्थित गर्ने।
- पूर्वाधार विकास।
- लगानिमैत्री वातावरण।
- सुशासन, मानव संशाधन विकास र लक्षितवर्गको सशक्तिकरण।
- भाषा, कला, साहित्य, सँस्कृति र ऐतिहासिक पक्षको संरक्षण।
- खेलकुद तथा अतिरिक्त क्रियाकलापलाई नवप्रवर्तन सँग सामन्जस्यता गर्ने।
- लैंगिक समानता, सामाजिक न्याय, समता तथा सामाजिक
- वन, वातावरण तथा विपद् व्यवस्थापन।
- पर्यटन, रोजगारी प्रवर्द्धन, र गरिबी न्यूनीकरण।
- योजना, अनुगमन तथा मूल्याङ्कन र तथ्याङ्क व्यवस्थापन।
- दिगो विकास।
- अन्य विविध क्षेत्र।

**अब म क्षेत्रगत नीतिलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु**

**(१) सामाजिक विकास क्षेत्र:**

**(क) शिक्षा**

- अभिभावक विहिन बालबालिकालाई छात्रवास कार्यक्रमको थप विस्तार गरिनेछ।
- बराम, दलित र भुजेल समुदायका स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीलाई छात्रवृत्ति प्रदान गरिनेछ । सहिदका बालबच्चा, द्वन्द्वपीडित, अपाङ्ग, टुहुरा, अतिविपन्न परिवारका बालबालिका छनौट गरी प्राविधिक शिक्षा पढ्नको लागि छात्रवृतिको व्यवस्था गरिनेछ ।
- बारपाक बहुप्राविधिक शिक्षालयमा सञ्चालित कार्यक्रमलाई आवास सहित गुणस्तरीय शिक्षा दिने व्यवस्था गर्दै, थप कार्यक्रम विस्तार गरिनेछ।
- एक शिक्षक एक ल्याप्टप कार्यक्रम लागत साझेदारीको आधारमा लागु गरिनेछ। विद्यालयहरुलाई प्रविधिमैत्री बनाईनेछ ।
- बारपाक सुलिकोट भित्रको विद्यालय शिक्षा (+२ सम्म ) लाई अनिवार्य तथा निशुल्क गरिनेछ ।

- यस गाँउपालिकामा बोल्ने विभिन्न समुदायका मातृभाषा संरक्षण तथा प्रवर्द्धन गर्न पाठयक्रम तयार गरी औपचारिक मातृभाषा कक्षा सञ्चालन गरिनेछ।
- अभिभावक शिक्षा, सचेतना लगायतका कार्यक्रम गरी उत्कृष्ट अविभावकलाई पुरस्कृत गरिनेछ ।
- उमेर पुगेका विद्यालय कर्मचारीलाई सेवाबाट अवकास लिन चाहेमा आकर्षक प्याकेजको व्यवस्था गरिनेछ ।
- पालिका भित्रका सबै विद्यालयमा भूकम्प प्रतिरोधी पक्की भवन, बालमैत्री शौचालय, घेरावार, खेलमैदान, पुस्तकालय, प्रयोगशाला र इन्टरनेटको व्यवस्था गरिनेछ ।
- शैक्षिक क्षेत्रको अनुगमन तथा मूल्यांकनलाई नियमित र प्रभावकारी बनाइनेछ । यसको लागि श्रोत शिक्षक परिचालनलाई जोड दिइनेछ ।
- शिक्षकलाई सेवामूलक तालिम र वि.व्य.स., शिक्षक अभिभावक संघका पदाधिकारीलाई नेतृत्व विकास तालिमको व्यवस्था गरिनेछ ।
- विद्यालयमा बालमैत्री तथा अपाङ्गमैत्री कक्षाकोठा, स्वच्छ पिउने पानीको व्यवस्था गरिनेछ।
- खेलकुद र अतिरिक्त क्रियाकलापमा जोड दिनुका साथै विद्यालयमा स्काउट, रेडक्रस सर्कल, बालक्लव, किशोरी क्लवहरु गठन गरिनेछ ।
- शिक्षक-विद्यार्थी र अभिभावकको हरेक ४ महिनामा समीक्षा बैठक गरिनेछ ।
- शिक्षकहरुलाई विषयगत तालिम र पुरस्कारको व्यवस्था गरिनेछ ।
- कक्षा ५ र ८ को गाउँपालिकास्तरीय परिक्षालाई मर्यादित बनाइनेछ, उत्कृष्ट शिक्षक तथा विद्यार्थीलाई परस्कृत गरिनेछ।
- विद्यार्थिहरुको अन्तर्निहित प्रतिभा प्रस्फुटनमा सहजिकरण गर्न **सिर्जनशील शुक्रबार कार्यक्रम** र अन्य अतिरिक्त क्रियाकलापलाई निरन्तरता दिइनेछ।
- राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ ले परिलक्षित गरेबमोजिम आधारभूत तहको लागि (कक्षा ६-८ सम्म) स्थानीय पाठ्यक्रम निर्माण कार्य गरी उक्त पाठयक्रममा आधारित कक्षा ६ देखी ८ सम्मको लागि स्थानीय विषयको पाठ्यपुस्तक निर्माण गरिनेछ। यसमा स्थानीय सीप, कला, संस्कृति तथा श्रमलाई सम्मान गर्ने एवं देशभक्तिपूर्ण चेतना संप्रेषणलाई जोड दिइनेछ ।
- **अध्यक्षसँग विद्यार्थी कार्यक्रम** संचालन गरी विद्यार्थीलाई गाउँपालिका बारे सुसूचित बनाउने कोसिस गरिनेछ।
- अध्ययन सकेपछि न्यूनतम सेवा सुविधामा गाउँपालिका अन्तरगतका अस्पताल तथा स्वास्थ्य संस्थामा कम्तीमा ३ वर्ष अनिवार्य सेवा दिने सर्तमा सुरु गरिएको **MBBS छात्रावृति** योजना लाई निरन्तरता दिईनेछ।

- गणित र विज्ञान विषयलाई सबै विद्यालयमा अनिवार्य अंग्रेजी माध्यमबाट पढाउने व्यवस्था गरिनेछ।
- सीपयुक्त र दक्ष जनशक्तिको विकास गर्न प्राविधिक र व्यावसायिक शिक्षाको विकासमा जोड दिइनेछ।
- पोषण मैत्री विद्यालय घोषणाको निति लिइनेछ ।
- २०७७ देखि २०८५ लाई सार्वजनिक विद्यालय सबलीकरण दशकको रुपमा सफल पार्न सहयोग गर्ने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- बालमैत्री शिक्षा नवप्रवर्तन कार्यक्रम लाई निरन्तरता दिईनेछ।
- विद्यालयहरुको वृहत अनुगमन तथा प्रतिवेदन सहित विद्यालय सुधार कार्यक्रम लागु गरिनेछ।
- माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई आधारभूत कम्प्युटर सीप तालिमलाई निरन्तरता दिईनेछ।
- विद्यार्थीहरुलाई दिवा खाजाको लागि रैथानी बाली तथा स्थानीय क्षेत्रमा उत्पादन भएका खाद्य वस्तुको प्रयोगमा ल्याउन आवश्यक व्यवस्था गरिनेछ।
- जनप्रतिनिधि, सरकारी कर्मचारी र शिक्षकका छोराछोरीहरुलाई सामुदायिक विद्यालयमा अनिवार्य भर्ना गराउने नीति लाई निरन्तरता दिईनेछ।
- हरेक विद्यालयहरुमा अभिभावक, शिक्षक, जनप्रतिनिधि लगायत सम्बद्धहरुसँग नियमित अन्तरक्रिया गरिनेछ।
- सूचकको आधारमा पुरस्कार र दण्डको व्यवस्था हुनेछ।
- गाउँपालिकामा नयाँ नियुक्ति भएका शिक्षक कर्मचारीहरुलाई २ वर्ष सम्म गाउँपालिका बाहिर सरुवा जान सहमति प्रदान गरिने छैन।
- सामुदायिक सिकाई केन्द्र मार्फत सीपमूलक तालिम तथा विविध कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

## (ख) <u>स्वास्थ्य</u>

- तोकिएका औषधी र आधारभूत स्वास्थ्य सेवा निःशुल्क र प्रभावकारी तुल्याइनेछ ।
- हुडिफाँटमा निर्माण भईरहेको १५ शैय्याको सहिद प्रेम ढकाल स्मृति आधारभूत अस्पताल आर्थिक २०८२/०८३ भित्रै निर्माण सम्पन्न गरी दक्ष प्राविधिक स्वास्थ्यकर्मीबाट सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवाको व्यवस्था गरिनेछ। यसको लागि विविध संघ संस्थासँग समन्वयको प्रयास गरिनेछ ।
- **बारपाक सुलिकोटको चेली : उपाध्यक्षको कोशेली** कार्यक्रम मार्फत गर्भ अवस्था तथा सुत्केरी महिलाहरुलाई पौष्टिक आहार नियमित प्रदान गरिनेछ।

- प्रत्येक वडामा कम्तिमा वर्षको एक पटक विशेषज्ञ सेवासहितको स्वास्थ्य शिविर सञ्चालन गरिनेछ।
- सबै उमेर समूहका नागरिकहरुको स्वास्थ्य आवश्यकतालाई ध्यानमा राखी मातृ शिशु स्वास्थ्य, किशोर किशोरी मैत्री, यौनशिक्षा तथा प्रजनन् स्वास्थ्य, परिवार नियोजन, दीर्घरोगी, एच.आई.भी. पीडित लगायतका क्षेत्रमा कार्यक्रम निर्माण गरी लागु गरिनेछ।
- उच्च जोखिममा रहेका गर्भवती महिलाहरु तथा विपन्न नागरिकलाई समयमै स्वास्थ्य संस्थामा पुर्याउन निःशुल्क एम्बुलेन्स तथा उपचार सेवा उपलब्ध गराइनेछ ।
- विभिन्न महामारी, सरुवा रोग नियन्त्रणको लागि स्वास्थ्यकर्मीको अग्रसरता र नागरिक सचेतनामा जोड दिइनेछ ।
- गाँउपालिकाभरिका विद्यालय र सबै वडामा मनोसामाजिक परामर्श सेवा संचालन गरिनेछ । मासिक रुपमा प्रत्येक वडामा मनोसामाजिक चिकित्सा सेवा उपलब्ध गराईनेछ ।
- प्रत्येक विद्यालयलाई प्राथमिक उपचारका स्वास्थ्य सामाग्री र गुणस्तरीय सेनिटरी प्याड उपलब्ध गराइनेछ ।
- महिला स्वास्थ्य स्वयमसेविकालाई यातायात, पोशाक, संचार खर्चको व्यवस्था गरिनेछ।
- स्वास्थ्य सेवा केन्द्रहरुको विस्तार र संस्थागत विकास गरी स्वास्थ्य सेवा प्रवाह गरिनेछ।
- पूर्ण खोप सुनिश्चितता ताथ दिगोपना गाउँपालिका घोषणा प्रक्रियालाई निरन्तरता दिइनेछ ।
- घुम्ती अल्ट्रासाउण्ड सेवा उपलब्ध गराई गर्भवती महिलालाई गाउँघरमा नै सुविधा उपलब्ध गराइनेछ ।
- मानसिक र दीर्घरोगीलाई निःशुल्क रुपमा औषधी प्रदान गर्ने व्यवस्था स्वास्थ्य चौकीबाट मिलाईनेछ ।
- यस गाउँपालिका भित्रका सम्पूर्ण स्वास्थ्य संस्थाहरुबाट क्रमशः चौविसै घण्टा स्वास्थ्य सेवा प्रदान गरिने नीति अबलम्बन गरिनेछ । चौबिसै घणटा सेवा प्रदान गर्ने स्वास्थ्यकर्मीलाई अतिरक्त सुविधाको व्यवस्था गरिनेछ ।
- आधारभूत स्वास्थ्य सेवा एवं प्राथमिक स्वास्थ्य सेवाको पहुँच योग्य नभएका ठाउँहरुमा वा समुदायमा स्वास्थ्य सेवाको पहुँच पुर्याउन सामुदायिक स्वास्थ्य इकाईहरुको विस्तार गरि स्वास्थ्य सेवालाई जनताको पहुँच योग्य बनाईनेछ ।
- गाउँपालिका भित्र रहेका स्वास्थ्य संस्थाबाट संचालित गाउँघर क्लिनिक र खोप क्लिनिकको व्यवस्थापन र पूर्वाधारमा विशेष ध्यान दिईनेछ ।
- आँखा उपचार केन्द्रसँग समन्वय गरि प्रत्येक स्वास्थ्य संस्थाबाट चौमासिक रुपमा आँखा जाँच गर्ने व्यवस्था मिलाईनेछ ।

- पोषणको स्थितिलाई यस पालिका भित्र मध्य नजर गरि सुनौला हजार दिनका आमाहरुको पोषण स्थिति सुधार गर्न हाल कार्यान्वयनमा रहेको पोषणमैत्री गाउँपालिका कार्यक्रमलाई थप प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याइनेछ । यसलाई पोषणमैत्री गाउँपालिका/वडा घोषणा गरिनेछ
- सवै स्वास्थ्य संस्थाहरुमा वर्थिङ सेन्टर विस्तार गरि शून्य होम डेलिभरीको नीति लिईनेछ ।
- गाउँपालिका भित्र बसोबास गर्ने सबै महिलाहरुको पाठेघरको क्यान्सरको परिक्षाणको (VIA) व्यवस्था गर्ने नीति लिइनेछ।
- बारपाक सुलिकोट गाउँपालिका भित्रका ५ (पाँच) वर्ष मुनिका बालबालिकाहरुको कुपोषण दर शून्य बनाउने नीति लिईनेछ ।
- गाउँपालिका भित्रका जेष्ठ नागरिक तथा क वर्गका अपाङ्गलाई घरदैलो र टोल-टोलमा पुगेर स्वास्थ्य सेवा प्रदान गर्ने कार्यलाईलाई निरन्तरता दिईनेछ ।
- "बारपाक सुलिकोटको प्रतिवद्धता स्वास्थ्य विमामा सवैको सहभागीता" भन्ने निति सहित स्वास्थ्य विमालाई अगाडी बढाइनेछ ।
- किशोर किशोरीहरुको पोषणको अवस्था पत्ता लगाउन विद्यालयमै शारिरीक परीक्षण र रक्त अल्पताको लागि प्रयोगशाला परीक्षण गर्ने नीति लिइनेछ ।
- स्वास्थ्य चौकीहरुको एम्बुलेन्स संचालन सेवालाई व्यवस्थित गरि लेखाप्रणालीको दायरामा ल्याईनेछ।
- गाउँपालिका अन्तर्गतका वडाहरुमा सन्चालित प्रसुती गृहहरुमा प्रसुती तथा स्याहारकर्ताहरुलाई खाना खाजाको व्यवस्था गर्न **"आमा भान्छा घर"**को निरन्तरता दिईनेछ ।
- **विपन्न तथा दलित समुदायको** निशुःल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिईनेछ।
- विद्यालयमा आयुर्वेद तथा योग शिक्षाका माध्यमबाट विद्यार्थि तथा शिक्षकलाई आयुर्वेद तथा योग मार्फत स्वस्थ जीवनयापन गर्न कार्यक्रम सञ्चालन गरिनेछ।

### (ग) <u>खानेपानी तथा सरसफाई</u>

- दिगो खानेपानी तथा सरसफाईको सुनिश्चितताका लागि **खानेपानी तथा सरसफाई व्यवस्थापन (खासस्व) योजना** बनाई लागू गरिनेछ ।
- **एक घर एक शौचालय** कार्यक्रमलाई निरन्तरता दिईनेछ । शौचालय विहिन विपन्न घरपरिवारलाई शौचालय निर्माणमा अनुदान उपलब्ध गराईनेछ ।
- स्वच्छ सुरक्षित, सर्वसुलभ र दिगो खानेपानी सहित **एक घर एक धारा** कार्यक्रमलाई निरन्तरता दिईनेछ। पिउने पानीमा सबैको पहुँच सुनिश्चित गरिनेछ।
- घरगाउँ सरसफाई अभियान सञ्चालन गरिनेछ।

- खानेपानी स्रोतको दिगोपना तथा सरसफाईका लागि मुहान संरक्षण, मुहान वरिपरी वृक्षारोपण, मर्मत सम्भार, ढल निकास, डम्पिङ्ग साइट निर्माणका कार्यलाई सामाजिक कार्यमा आधारित रही जनसहभागितामा संचालन गरिनेछ ।
- प्रत्येक बजार तथा बस्तिहरुमा आवश्यकता अनुसार फोहोर व्यवस्थापन तथा सार्वजनिक शौचालयको निर्माण गरिनेछ।
- प्लास्टिकमुक्त गाउँपालिका निर्माणको लागि वैकल्पिक उपाय सहित सरसफाई कार्यक्रम लागु गरिनेछ ।
- गाउँ-गाउँमा फोहोरमैला संकलन तथा वैज्ञानिक विसर्जनको लागि आवश्यक प्रयास गरिनेछ ।
- बारपाक ढल निकास लाई २ बर्ष भित्र सम्पन्न गरी सुन्दर र सफा बारपाक बनाईनेछ।

## (घ) <u>भाषा, कला, साहित्य, संस्कृति तथा ऐतिहासिक-सामाजिक सम्पदा</u>

- बारपाक सुलिकोट गाउँपालिका भित्र रहेका ऐतिहासिक, साँस्कृतिक सम्पदा, लोक कला, साहित्य र संस्कृतिको प्रवर्द्धन गर्दै साँस्कृतिक कलाकर्मीहरुलाई उचित किसिमले प्रोत्साहन गरिनेछ ।
- स्थानीय मातृभाषा, कला, संस्कृति, भेषभुषा, रितिरिवाज, चाडपर्व आदिको संरक्षण तथा सम्वर्द्धन गरिनेछ।
- समाजमा विद्यमान असल परम्परागत अभ्यास तथा प्रचलित कानुनहरुलाई अध्ययन गरी स्थानीय तहको कानुनमा समावेश गर्ने प्रयास हुनेछ।
- यस गाउँपालिका भित्र प्रचलित सबै धर्म, जातजाति, भाषाभाषि र धार्मिक समुदायका परम्परा, रितिरिवाज लगायत घाटु, सोरठी, रोधी, कौरा, झ्याउरे, पञ्चेवाजा जस्ता लोपोन्मुख संस्कृतिहरुका साथै विभिन्न धर्मावलम्बीहरुको आस्थाको केन्द्रको रुपमा रहेका मठमन्दिर, गुम्बा, चैत्य, मस्जिद, पुजाघरहरुको संरक्षण, सम्वर्द्धन र प्रवर्द्धन गरिनेछ।
- ऐतिहासिक तथा पुरातात्विक महत्वका सम्पदाको खोज अन्वेषणमा जोड दिने र यसतर्फ लाग्ने व्यक्ति तथा समूहलाई प्रोत्साहित गरिनेछ ।
- बारपाकमा निर्माणाधीन भूकम्म स्मृति पार्क तथा भूकम्प स्मृति संगंराहलयलाई राष्ट्रिय स्तरमा नै भूकम्म अध्ययन स्थलको रुपमा विकास गरिनेछ।
- दिल बहादुर रम्तेल स्मृतिपार्कमा विभिन्न राजनीतिक आन्दोलन र समयक्रममा सहादत प्राप्त गर्ने सहिदहरुको सालिक तथा स्तम्भ निर्माण गरि थप विस्तार गरिनेछ । साथै पार्कमा अवस्थित जनयुद्ध संग्रहालयलाई जनयुद्ध अध्ययन केन्द्रको रुपमा विकास गरिनेछ ।

## (ङ) <u>युवा, खेलकूद तथा तथा नवप्रवर्तन</u>

- निर्माणाधिन गाउँपालिका स्तरीय सहिद आशाकाजी श्रेष्ठ स्मृति रंगशालाको निर्माण कार्य यथाशिघ्र सम्पन्न गरिनेछ। बारपाक लगायत गाउँपालिकाका सबै वडाका खेलमैदानलाई योजनावद्ध रुपमा स्तरीकरण गरिनेछ ।
- युवाहरुलाई आवश्यकता अनुसार खेलकूद सामग्री, तालिम तथा रोजगारी सिर्जना गर्ने विभिन्न गतिविधिहरुमा लगानी गरिनेछ ।
- बारपाक सुलिकोट रनिङशिल्ड प्रतियोगिता लगायत वडा र पालिकास्तरीय अन्य खेलकुद कार्यक्रमहरु आयोजना गरिनेछ । जिल्ला, प्रदेश, राष्ट्रिय स्तरका खेलकुद प्रतियोगितामा गाउँपालिकाको प्रतिनिधित्व गरी पदक जिताउने खेलाडीलाई सम्मान तथा पुरस्कृत गरिनेछ।
- युवा उद्यम विकास कार्यक्रम संचालन गरी एक टोल एक युवा उद्यम समुह निर्माण गरी व्यवसायिक लगानिमा ८० प्रतिशत व्याज अनुदान दिइनेछ।
- युवाहरुलाई सक्षम, सबल र श्रम बजारमा स्वरोजगार हुने किसिमका तालिमहरुको व्यवस्था गरिनेछ ।
- लागु औषध, जाँडरक्सी, जुवातास जस्ता विकृति विसंगतिबाट युवालाई मुक्त गर्ने गरी चेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।
- विभिन्न दुर्घटनामा राहत, उद्धार र निर्माणका काममा युवा जनशक्ति प्रयोग गर्ने नीति लिइनेछ।
- समयानुकुल युवा र नवप्रवर्तनलाई सामान्जस्यता तथा आन्तरिकिकरणमा विशेष कार्यक्रमहरु संचालन गरिनेछ।
- स्थानीय यूवा परिषद सम्बन्धी कानून निर्माण गरि यस क्षेत्रको समस्या समाधानमा कोशिस गरिनेछ ।

## (च) <u>लैंगिक समानता, सामाजिक न्याय, समावेशीकरण र सामाजिक सुरक्षा</u>

- महिलाहरुलाई कुनै पनि पेशामा निर्वाध रुपमा लाग्ने र समान कामको लागि समान ज्याला उपलब्ध गराउने वातावरण श्रृजना गरिनेछ ।
- सबै प्रकारका बालश्रम अन्त्य गरिनेछ, बालश्रम मुक्त गाउँपालिका घोषणामा जोड दिइनेछ ।
- लैंगिक हिसां, बालविवाह, बहुविवाह, जाँडरक्सी, जुवातास, बोक्सी, धामी, जादुटुना, लागु पदार्थ ओसार पसार, महिला बेचविखन, छुवाछुत लगायतका गैरकानुनी तथा कुरीति र कुसंस्कार विरुद्ध चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।
- लघु उद्योगको विकास गरी महिला, दलित तथा सीमान्तकृत समुदायको लागि स्वरोजगारको व्यवस्था गरिनेछ ।
- महिलाहरुको आर्थिक, सामाजिक सशक्तिकरणका लागि व्यावसायिक सीप विकास तथा उत्पादनशील विकासका कार्यक्रम संचालन गरिनेछ ।

- दलित, अल्पसंख्यक तथा सीमान्तकृत समुदायको परम्परागत व्यवसाय तथा पेशाको संरक्षण र उनीहरुको उत्थानको लागि विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- महिला, अपाङ्ग, अतिसीमान्तकृत, अल्पसंख्यक, पिछडिएको समुदाय तथा विपन्न वर्गलाई आत्मनिर्भर बनाउन घरेलु तथा आधुनिक सीपमूलक तालिम तथा क्षमता अभिवृद्धि सम्बन्धी विभिन्न परियोजनाहरु सञ्चालन गरिनेछ।
- समाजिक सुरक्षा भत्ता समयमै बडा कार्यालयका अलावा टोल टोलबाटै उपलब्ध गराइनेछ । जेष्ठ नागरिकहरुलाई गाउँपालिकाबाट थप सम्मान कार्यक्रम अगाडि बढाइनेछ ।
- महिलाहरुको पैत्रिक सम्पत्तिमाथि समान हक स्थापित गर्न विशेष अधिकार सहित समान सहभागीताको ग्यारेन्टी गरिनेछ ।
- बालवालिकाको पोषण र शिक्षामा विशेष ध्यान दिइनेछ । असहाय असक्त वालवालिकाको संरक्षण र शिक्षामा ध्यान दिइनेछ ।
- जेष्ठ नागरिकका अनुभव, ज्ञान, सीपको कदर गर्ने र उनिहरुका जटिल समस्या सामाधान तिर ध्यान दिइनेछ ।

## (छ) सरकारी तथा गैह्र सरकारी संघ, संस्था समन्वय तथा परिचालन

- बारपाक सुलिकोट गाउँपालिका क्षेत्रभित्र स्थानीय सरकारको नीति कार्यक्रम र मापदण्ड भित्र रहि कार्यक्रम गर्न इच्छुक सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग आवश्यक समन्वय गरी परिचालन गर्ने नीति लिइनेछ ।
- कुनै पनि सरकारी गैरसरकारी संघसंस्था निकाय, क्षेत्र, विषयगत कार्यालयले गाउँपालिका भित्र आयोजना, कार्यक्रम सञ्चालन गर्नुपूर्व गाउँपालिकाको स्वीकृति लिने, गाउँपालिकाको नीति तथा कार्यक्रम अनुरूप आयोजना वा कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था सहितको कार्यविधि लागु गरिनेछ।
- सरकार र सामुदायिक संस्थाबिचको समन्वय, सहकार्य र अन्तरसम्बन्धलाई उपलब्धिमूलक तुल्याउन, सबै संघ सस्थाहरुका बार्षिक कार्यक्रम पेश गर्न लगाइ कार्यक्रम कार्यान्वयन तथा समन्वय सम्झौता गरिनेछ । जसले गर्दा कार्यक्रममा रहने दोहोरोपनाको अन्त्य हुनेछ भने प्रभावकारी नियमन र अनुगमनमार्फत वास्तविक उपलब्धि हासिल हुनेछ ।

## (ज) सहिद परिवार, वेपत्ता परिवार, घाइते योद्धाबारे

- १० वर्षे जनयुद्ध र जनआन्दोलनका क्रममा सहादत प्राप्त गर्ने सहिदहरुको स्मृति र सम्मानमा विशेष कार्यक्रम संचालन गरिनेछ ।
- सहिदका नामबाट पार्क, स्तम्भ खडा गरी इतिहासको संरक्षण गरिनेछ।
- सहिदका छोराछोरीलाई शिक्षा र रोजगारीका अवसरमा प्राथामिकता दिइनेछ ।
- घाइतेहरुको निःशुल्क उपचार गर्ने र छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गरिनेछ ।

- सहिदहरुलाई सम्मान गर्ने संस्कृति निर्माण गर्ने, सहिदका जीवनी प्रकाशन गर्ने, सहिद परिवार सम्मान कार्यक्रम आयोजना गरिनेछ ।

## (२) पूर्वाधार विकास क्षेत्र

### (क) भवन, बस्ती, आवास तथा सहरी विकास

- सुरक्षित आवास सुविधा सबै नागरिकको अधिकार भएकोले सुलभ र सुरक्षित आवास निर्माणमा जोड दिइनेछ ।
- सार्वजानिक तथा व्यवसायिक प्रयोजनका भवनहरु निर्माण गर्दा सुरक्षा सम्बन्धि मापदण्डलाई ध्यान दिइनेछ ।
- बारपाक सुलिकोट गाउँपालिकाको भवन निर्माण मापदण्ड र आचारसंहिता कार्यान्वयनमा ल्याई घर नक्सा पास र अभिलेखिकरण गरिनेछ।
- बारपाक सुलिकोट गाउँपालिका भित्रका घरधुरी एकिन गरी गाउँपालिकाको सेवालाई प्रभावकारी रुपमा कार्यान्वयनका लागि घर नम्बर राख्ने कार्यक्रम संचालन गरिनेछ ।
- दलितवस्ती लगायतका घर निर्माण गर्न नसकेका विपन्न एवं असहाय गरिव नागरिकलाई आवश्यक सहयोगको नीति लिईनेछ ।
- गाउँपालिका क्षेत्र भित्र संचालन हुन सक्ने साना जलविधुत आयोजना संचालनका लागि थप सम्भाव्यता अध्ययन गरिनेछ।
- राहतको उपयुक्त सदुपयोग गर्न नसकेका, राहत पाउन नसकेका, ढिला भई छुटेका र अन्य केही समस्या भएका विपद प्रभावित व्यक्तिहरुलाई सहयोग र समन्वयको सुनिस्चित गरिनेछ।

### (ख) सडक, पुल तथा यातायात व्यवस्था

- गाउँपालिकाको सडक यातायात गुरुयोजना निर्माण गरि कार्यान्वयमा ल्याईनेछ ।
- सडक, खानेपानी, विद्युत, आवास तथा सहरीकरण, सार्वजानिक भवन जस्ता विषयमा उच्च प्रथामिकता दिइनेछ ।
- सबै वडा कार्यालय जोड्ने सडकलाई कालोपत्रे तथा ढलान गर्ने नीति लिईनेछ ।
- गाउँपालिकाको सबै वडाहररुका मुख्य मुख्य सडकहरु १२ महिना नै चल्ने गरी सडक स्तरोन्नती गरिनेछ।
- हाल निर्माण कार्य भईरहेको घ्याम्पेशाल, देउराली, ताकु, स्वाँरा, सौरपानी हुँदै बारपाक सम्म जोड्ने सडकको कालोपत्रे गुणस्तरीय र समयमा गर्न समन्वय र सहकार्य गरिनेछ।
- देउरली-अमले-तुलवीर चौतारा-बाहमुले सडकलाई प्रथामिकता दिईनेछ ।

- उल्टे- मसार- भालुस्वाँरा- डाँडागाँउ- पाल्खु हुँदै गाउँपालिका जोड्ने सडक स्तरोन्नती समयमै सम्पन्न समन्वय र सहकार्य गरिनेछ।
- चनौटे, ताकुमाझलाकुरीबोट हुँदै गाउँपालिका जोड्ने सडक कालोपत्रे कार्य प्रारम्भ गरिनेछ।
- बहाकोट – गुर्दुम - ग्याजी – रातमाटे- सुलिकोट- खार्चोक भञ्याङ जोड्ने सडक स्तर उन्नति गरिनेछ । वैकल्पिक सडकको रुपमा विकास गरिनेछ ।
- ढोडेनी - घुन्चोकटार-भुवाने- सौरपानी सडक कालोपत्रे गरिनेछ ।
- हुँडिफाँटमा समयमै पुल निर्माणका लागि संघीय सरकारसँग समन्वय गरिनेछ ।
- गाउँपालिका भित्र सर्वसुलभ आवतजावतको लागि गुणस्तरीय र व्यवस्थित सार्वजनिक यातायात सञ्चालनको प्रकृया अगाडि बढाईनेछ ।
- साना खोलामा झोलुङे पुल र गाडी जाने खोलामा मोटरेबल पुल निर्माणको नीति अवलम्बन गरिनेछ ।
- सडक सरसफाई, ढलनिकास र सडक सुरक्षामा विशेष ध्यान दिइनेछ । पहिरोको जोखिम रहेका सडकको दायाँबायाँ वृक्षारोपण गरिनेछ ।
- उपभोक्ता समितिको कार्य क्षमता, कार्य कुशलता अभिवृद्धि गर्न अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।
- स्थानीय संरचनाहरुको निर्माणमा परम्परागत कला संस्कृति र वास्तुकलालाई प्राथमिकता दिइनेछ ।

## (ग) जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

- गाउँपालिकाका सबै घर परिवारमा विद्युत सेवाको पहुँच विस्तार गरिनेछ ।
- जलविद्युत बाहेकका सौर्य उर्जा, गोवर ग्यास, बायोग्यास जस्ता वैकल्पिक विधि समेत प्रयोग गरिनेछ।
- विभिन्न वडामा सामुदयिक विद्युत व्यवस्थामा देखिएको जटिलतालाई सहजीकरण गर्न पहल गरिनेछ।
- स्थानीय स्तरका लघु जलविद्युत लाई संरक्षण र व्यवस्थापन गरिनेछ।
- जलस्रोत लगायतका प्राकृतिक स्रोतको संरक्षण र संवर्द्धन गरिनेछ।
- विधुतिकरण भएका टोल बस्तीहरुमा जोखिमयुक्त प्रसारण लाईनलाई नेपाल विधुत प्राधिकरणसँगको समन्वय र सहकार्यमा व्यवस्थित गरिनेछ ।

## (घ) सूचना तथा सञ्चार प्रविधि

- गाउँपालिकाका सबै विषयगत कार्यालयहरुको काम प्रभावकारी तुल्याउन डिजिटल सेवा प्रवाहका लागि आवश्यक व्यवस्था गरिनेछ ।
- हाल संचालनमा रहेका आधारभूत तथा माध्यामिक विद्यालय, प्राविधिक शिक्षालय, वडा कार्यालय, स्वास्थ्य संस्थामा द्रुत गतिको इन्टरनेट सेवा जडान गरी सेवा प्रवाहलाई व्यवस्थित गरिनेछ ।
- मिडिया क्षेत्रका संयन्त्र मार्फत बारपाक सुलिकोट गाउँपालिका सरकारका गतिविधिको प्रचारप्रसार र सार्वजनिक सूचनाको जानकारी गराईने ।
- गाउँपालिका क्षेत्र भित्र रहेका सांस्कृतिक, धार्मिक तथा पर्यटकीय गन्तव्यहरुको प्रचारप्रसारका लागि सूचना प्रविधिको प्रयोग गरिने नीति लिइनेछ।
- जनप्रतिनिधि, कर्मचारीहरु तथा शिक्षकहरुलाई सूचना तथा सञ्चार प्रविधि सम्बन्धि आधारभूत तालिम र अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी सेवा प्रवाहलाई छिटोछरितो, चुस्त दुरुस्त, पारदर्शी बनाउन बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- इन्टरनेटको व्यापक प्रयोगसँगै सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा साइवर सुरक्षा (Cyber Security) सम्बन्धि जनचेतना अभिवृद्धि कार्यक्रम गरिनेछ।

### (ङ) भू-उपयोग तथा व्यवस्थापन

- गाउँपालिकाको भू-उपयोग योजना र भूमिको वर्गीकरणलाई आवश्यक संशोधन र परिमार्जन सहित व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ।
- बाँझो रहेको भूमिको सदुपयोग र चक्लाबन्दी खेतीका लागि विशेष व्यवस्था मिलाईनेछ ।
- गाउँपालिकामा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको समस्या समाधान गर्न राष्ट्रिय भूमि आयोगसँग सहकार्य गरी यथार्थ लगत लिई जग्गाधनी प्रमाण पुर्जा उपलब्ध गराईनेछ ।
- अति गरिब, एकल र सीमान्तकृत भूमिहीन परिवारको लागि आवास निर्माण र जीविकोपार्जनको कार्यक्रम सञ्चालन गरिनेछ ।

## (३) आर्थिक विकास क्षेत्र

### (क) कृषि तथा पशुपन्छी विकास

- कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण र उत्पादित वस्तुहरुको बजारीकरणलाई ध्यान दिइनेछ ।
- कृषि विकास रणनिति निर्माण गरी योजनावद्ध विकासको प्रयास गरिनेछ ।
- कृषि उपजको सहज ढुवानीका लागि सुलिकोट बहुउद्धेश्यीय सहकारी संस्था सँगको सहकार्यमा सञ्चालित कृषि एम्बुलेन्सको व्यवस्थित रुपमा सञ्चालन गरिनेछ ।
- स्थानीय खोला तथा पोखरीहरुमा आधुनिक माछापालनका लागि आवश्यक व्यवस्था मिलाईनेछ।

- बारपाक र पाल्खुमा स्थानीय कृषि तथा उद्योगहरुबाट उत्पादित बस्तुहरुको बिक्रि वितरणको लागि कोशेली घर स्थापना गरिनेछ ।
- कागते खर्कमा संचालित ओखर खेति कार्यक्रमलाई कृषि पर्यटनको हवरुपमा विकासको रणनीति लिइनेछ ।
- किसानहरुलाई सुधारिएको गोठ, मल खाडल र पिसाब संकलन गर्ने ट्यांकी निर्माण गर्न प्रेरित गरिनेछ ।
- दरौदी कोरिडोरलाई कृषि उत्पादन पकेट क्षेत्र बनाउने नीति लिइनेछ।
- व्यवसायिक पशुपंक्षीपालन, घाँस खेती, नर्सरी स्थापना गरी व्यवसायिक किसानलाई अनुदानको व्यवस्था गरिनेछ ।
- वन्यजन्तुबाट कृषकहरुलाई हुने क्षति न्यूनिकरणको लागि आवश्यक पहल गरिनेछ।
- **सरकारको अनुदानः कृषकको उत्पादन** भन्ने मूल नाराका साथ उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई विगतको अनुभव र सिकाईको आधारमा परिमार्जन सहित निरन्तरता दिईनेछ ।
- प्राङ्गारिक मलको उत्पादन तथा प्रयोग प्रवर्द्धन लाई प्रोत्साहान गरिने छ ।
- **एक वड़ा : एक विशेष बाली** अवधारणाको अवलम्बन गरी स्थानीय स्तरमा सम्भाव्य वालीवस्तुहरुको पहिचान गरी उत्पादनलाई प्रवर्द्धन गरिनेछ ।
- गाउँपालिकामा बारपाक बहुप्राविधिक शिक्षालयको साझेदारीमा माटो परीक्षण प्रयोगशाला स्थापना गरिनेछ।
- कम तौल तथा बढी मुल्य जाने कृषि वस्तुहरु (मसला बाली)को उत्पादनलाई प्राथामिकता दिईनेछ ।
- गाउँपालिका भित्रका कृषकहरुलाई गुणस्तरयुक्त वीउको प्रयोगमा जोड दिन वीउमा आत्मनिर्भरता सम्बन्धि कार्यक्रम संचालन गरिनेछ ।
- "गाउँपालिका स्तरिय कृषक संजाल गठन गरि कृषक सँग नियमित रूपमा अन्तरक्रिया कार्यक्रम संचालन गरिनेछ ।
- गाउँपालिका भित्रमा उत्पादित कृषि उपज (आलु, किवि, एभोकाडो) लाई विविधिकरण गर्न मुल्य श्रृङ्खलाको अवधारणा ल्याईनेछ ।
- अगुवा कृषकलाई अध्ययन अवलोकन भ्रमण, तालिम तथा उत्कृष्ट कृषकलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको विभिन्न भागमा पुष्प खेति विस्तार गर्न पुष्प नर्सरी स्थापना गर्न प्रोत्साहन गरिनेछ ।
- तेलहन बाली प्रवर्द्धन कार्यक्रम संचालन गरिनेछ।
- हुँडिफाँटमा निर्माणाधिन कोल्ड स्टोरको निर्माण सम्पन्न गरि सञ्चालन गरिनेछ।
- पशुपालनलाई आधुनिकिकरण, व्यवसायिकरण गर्दै उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आयआर्जन

तथा रोजगारीका थप अवसरहरु सिर्जना गरिनेछ।

- पशुवस्तुमा कृत्रिम गर्भाधारण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- पशुवस्तुको अवस्था सम्बन्धि जानकारी लिई पशु विकासका लागि प्रभाकारी, भौगोलिक र कृषकहरुको आवश्यकता अनुकुल योजना बनाउन पशुवस्तुको विवरण तथा तथ्याङ्क संकलन गरिनेछ ।
- छाडा कुकुरको बन्ध्याकरण गरि रेबिज रोगको महामारी नियन्त्रणको व्यवस्था मिलाईने छ ।
- पशुमा लाग्ने रोगको उपचार तथा महामारी नियन्त्रणको लागि औषधी, पशु स्वास्थ्य शिविर तथा खोप कार्यक्रम संचालन गरिनेछ ।
- स्थानीय उत्पादनको बजारीकरणको लागि घुम्ति हाट बजार, संकलन केन्द्र, कोसेलि घर तथा प्रदर्शनि स्थलको व्यबस्था गरिनेछ।
- "कफि लागऔं-आय बढाऔ" भन्ने लक्ष्यका साथ पूर्व बजारको ग्यारेन्टी सहित अघि बढेको कफी खेती कार्यक्रमलाई अझ व्यवस्थित गरिनेछ ।
- जलवायु परिवर्तन अनुकुलन हुने खालका प्रविधिको प्रयोग गरी उत्पादन र उत्पादकत्व वृद्दि गर्ने नीति अवलम्बन गरिनेछ।

## (ख) <u>सिंचाई</u>

- पालिका भित्र रहेको पानीको स्रोतको पहिचान गरी कुलो सिंचाइ, लिफ्ट सिंचाइ, थोपा सिंचाइ, प्लाष्टिक पोखरी, सिमेन्ट पोखरी निर्माणमा जोड दिने र त्यमा प्रविधिको उच्चतम प्रयोग गर्ने नीति लिइनेछ ।
- निर्माणाधीन आयोजना तत्काल सम्पन्न गर्ने र पूराना आयोजनाको मर्मत संभार गर्ने कार्यलाई जोड दिइनेछ ।
- "सिंचाई पूर्वाधार किसानको अधिकार" सिंचाइको सुविधालाई किसानको आधारभूत आवश्यक्ता ठानि प्राथमिकताका साथ सिंचाइको व्यवस्था गर्ने नीति लिइएको छ।

## (ग) <u>पर्यटन</u>

- बारपाक सुलिकोट गाउँपालिका, अजिरकोट गाउँपालिका, दूधपोखरी गाउँपालिका र TAAN को सहकार्यमा पहिचान गरिएको **ग्रेट हिमालयन लेक सर्किट** पदमार्गको प्रचार प्रसार , आवश्यक पूर्वाधार निर्माण र प्रवर्द्धन गरिनेछ ।
- सुलिकोट, रुपाकोट, बजेनी ताल क्षेत्र समेटेर त्यस वरपर साहसिक पर्यटन पूर्वाधार निर्माण गरिनेछ ।
- गाउँपालिकाका सम्भाव्य स्थानमा होमस्टे सञ्चालनका लागि आवश्यक प्रक्रिया अगाडि बढाइनेछ।

- बारपाक, सुलिकोट, दिलबहादुर स्मृति पार्क, भूकम्म स्मृति पार्क, नारदपोखरी, सिता गुफा, मुलाबारी, देवी देउराली पार्क लगायत गाउँपालिका भित्र रहेका गुफा, मन्दिर जस्ता पर्यटकीय स्थलको पहिचान गरी व्यापक प्रचार प्रसार गरिनेछ।
- बारपाकमा निर्माणाधीन भूकम्प स्मृति पार्क र संग्रहालयलाई भूकम्प अध्ययन केन्द्रको रुपमा विस्तार गरिनेछ ।
- दिल बहादुर रम्तेल पार्कमा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि विभिन्न समय र कालखण्डमा सहादत प्राप्त गर्ने सहिदहरुको सालिक तथा स्तम्भ निर्माण गरि विस्तार गरिनेछ । साथै उक्त पार्कमा अवस्थित जनयुद्ध संग्रहालयलाई अझ व्यवस्थित रुपमा विस्तार गरिनेछ ।
- कृषि पर्यटनको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।
- पर्यटकीय पदमार्गहरु, प्राकृतिक स्थलहरु तथा साँस्कृतिक सम्पदाहरुको अनुसन्धान, पहिचान, विकास तथा प्रचारप्रासार गर्न र बाह्य तथा आन्तरिक पर्यटन प्रवर्द्धन गरिनेछ।
- बारपाक रुपिनाला पर्यटकीय पदमार्गको प्रचारको व्यवस्था गरिनेछ ।
- होम स्टे तथा स्थानीय होटलहरुमा स्थानीय उत्पादनबाट बनेका खाद्य पदार्थको प्रयोग गर्ने नीति ल्याइनेछ।
- पर्यटकीय सूचनाहरुलाई व्यवस्थित गर्ने प्रयास गरिनेछ ।
- पर्यटन गुरु योजना निर्माण गर्ने र बारपाकमा आउने पर्यटकलाई लक्षित गरि पालिकाका अन्य पर्यटकीय स्थल (जस्तै सिता गुफा, सुलिकोट डाडा, रम्तेल पार्क लगाएतका स्थान हरुलाई जोडेर पर्यटन सर्किट वनाउने नीति अबलम्बन गरिनेछ।

### (घ) <u>सहकारी तथा गरिवी निवारण एबम् वित्तिय क्षेत्र</u>

- सहकारी संस्थाको दर्ता अनुमति तथा नियमन कार्यलाई व्यवस्थित गर्न सहकारी ऐनलाई समय अनुकुल परिमार्जन गरिनेछ ।
- सहकारीको समायोजन गरी गुणस्तरीय बनाउने नीति अवलम्बन गरिनेछ।
- **एक सहकारी, एक उत्पादन** नीतिलाई अवलम्बन गरिनेछ।
- सहकारीहरुलाई तालिम, अनुगमन, समन्वय र आवश्यक क्षमता विकासको नीति लिइनेछ।
- सहकारी मार्फत कृषि जन्य र वनपैदावरमा आधारित उद्योग स्थापना गरी रोजगारी श्रृजना गर्ने, साथै प्रत्येक वडामा सहिद परिवार, द्वन्द्वपीडित, अतिविपन्न, एकल महिलाहरुको सहकारी संस्थामा शेयर सुनिश्चित हुने व्यवस्था मिलाईनेछ ।
- कृषि सहकारीहरुलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

- सहकारी तथा वित्तिय संस्थामार्फत किसानहरुलाई सहुलियत व्याजमा ऋण उपलब्ध गराइनेछ।
- ताकुकोट पाल्खुमा रहेको ग्लोबल आइएमई बैंक र बारपाकमा रहेको प्रभु बैंकको शाखालाई स्तरीय, सरल र छिटोछरितो सेवा प्रदान गर्नका लागि आवश्यक समन्वय तथा व्यवस्था गरिनेछ ।
- गाउँपालिका अध्यक्ष गरिवी निवारण कार्यक्रम मार्फत युवाहरुलाई तालिम, सहुलियत लगायत कार्यक्रम मार्फत रोजगारीको पहल गरिनेछ।
- स्थानीय स्तरमा उत्पादित बस्तुहरूको निर्यातको लागि सहकारीहरुसँग समन्वय गरी कृषकहरुलाई उत्पादनमा आधारित अनुदान प्रदान गर्ने व्यवस्था मिलाईनेछ ।

## (ङ) उद्योग, व्यापार तथा व्यवसाय

- गाउँपालिका क्षेत्रभित्र संचालित सबै व्यवसायलाई दर्ताको अनिवार्य दायरामा ल्याईनेछ।
- खनिज, कृषि र वन पैदावरमा आधारित घरेलु तथा साना उद्योगहरुको स्थापना गरी रोजगारी र आयआर्जनमा बृद्धि गरिनेछ ।
- गाँउपालिका भित्र रहेको खानी तथा खनिजपदार्थहरुको अन्वेषण र उत्खनन गर्नका लागि व्यवस्था मिलाईनेछ र यसमा आधारित उद्योगलाई प्रोत्साहित गरिनेछ।
- अल्लो, लोक्ता र उन प्रशोधन तालिमलाई निरन्तरता दिई स्वोराजगारी सिर्जना गरिनेछ ।
- कृषि, वन तथा घरेलु उद्योगहरु संचालन गर्ने युवाहरुलाई प्रोत्साहन स्वरुप अनुदान र पुरस्कारको व्यवस्था गरिनेछ।
- स्थानीय कच्चा पदार्थ र कृषिमा आधारित उद्योगलाई प्रोत्साहन गरिनेछ ।
- बजार अनुगमन र नियमनलाई प्रभावकारी बनाइनेछ ।
- हस्तकला र परम्परागत सीप तथा प्रविधिमा आधारित उद्यमशीलता प्रवर्द्धनको नीति लिइनेछ।
- लघु उद्यम कार्यक्रम मार्फत तालिम, प्रविधि हस्तान्त्रण, विउपूजी प्रवाह र बजारीकरण सहयोग मार्फत स्थानीय उद्यमी विकासमा जोड दिइनेछ ।
- लघु तथा घरेलु उद्योगहरुको तथ्यांक संकलन गरी उद्योगहरुको लगत राख्ने र त्यसको प्रवर्द्धन र विकासमा जोड दिने नीति अवलम्बन गरिनेछ ।
- युवा स्वरोजगारको लागि सीपमूलक तालिमको व्यवस्था गरिनेछ।

## (च) खानी तथा खनिज

- वातावरणमा प्रतिकुल असर नपर्ने गरी प्रचलित कानुन बमोजिम बाताबरण प्रभाव मुल्याङ्कन गरी गाउँपालिका भित्र रहेका खोलानालाबाट ढुङ्गा, बालुवा उत्खनन् गरी बिक्री वितरण गर्न आवश्यक नीतिगत व्यवस्था गरिनेछ ।
- त्यसै गरि ग्याजी तामाखानी लगायत अन्य खनिज पदार्थहरुको संभाव्यता अध्ययन गरि उत्खनन् गर्ने नीति लिईनेछ।
- गाउँपालिका भित्र संचालित सवै विकासका आयोजनामा प्रयोग हने निर्माण सामाग्रीलाई अनिवार्य करको दायरामा ल्याईनेछ ।

## (छ) श्रम तथा रोजगार

- शैक्षिक तथा गैरशैक्षिक वेरोजगारहरुको लगत तयार गरिनेछ ।
- स्थानीय विकासमा निर्माणको काममा स्थानीय बेरोजगार युवाहरुको परिचालन गरिनेछ ।
- श्रमिकहरुको न्यायोचित हकहित तथा सामाजिक सुरक्षाको संरक्षण गर्न श्रमिक सँगठनको सुझावका आधारमा कार्यक्रम तय गरिनेछ ।
- वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउन पहल गरिनेछ। गाउँपालिकावासीलाई विदेशमा काम लाग्ने सीप सिकाएर मात्रै वैदेशिक रोजगारीमा जाने वातावरण मिलाईनेछ। त्यसका लागि सुरक्षित आप्रवासन कार्यक्रमलाई थप व्यवस्थित गरिनेछ।
- वैदेशिक रोजगारीबाट फर्किएकाहरुको सीप, पूँजी र प्रविधिको उच्चतम प्रयोग गरी गाउँपालिकाको आर्थिक वृद्धिमा टेवा पुऱ्याइनेछ।

## (४) बन, वातावरण तथा विपद व्यवस्थापन

## (क) बन, हरियाली र जैविक विविधता

- वनजंगलको नक्साङ्कन र संरक्षण गरिनेछ । त्यहाँ भित्र रहेका काठपात, रुखविरुवा, जडिवुटी र पशुपंक्षीको संरक्षणमा विशेष जोड दिइनेछ ।
- डढेलो लगाउने संस्कृतिलाई निरुत्साहित गर्न आवश्यक दण्ड जरिवानाको नीति लिइनेछ।
- वन जंगलको संरक्षण र सदुपयोग गर्नको लागि जनचेतना अभिवृद्धि गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ।
- वन सम्पदा, जैविक विविधता र जलाधार क्षेत्रको संरक्षण मार्फत विपद जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरी सो क्षेत्रको उत्पादन र उत्पादकत्वमा स्थानीय नागरिकहरुलाई समाहित गरी आय आर्जन बृद्धि गरिनेछ ।
- वृक्षारोपण लगायतका कार्यक्रम मार्फत पहिरो नियन्त्रणलाई कोशिस गरिनेछ ।

## (ख) भू-संरक्षण र जलाधार व्यवस्थापन

- वनसम्पदा, जैविक विविधता र जलाधार सम्पदाको संरक्षण मार्फत विपद न्यूनिकरणका उपाय अवलम्बन गरी सो क्षेत्रको उत्पादन र उत्पादकत्वमा स्थानीय नागरिकहरुलाई समाहित गरी आयआर्जन वृद्धि गरिनेछ ।
- भू-क्षय हुन सक्ने उच्च जोखिम भएका क्षेत्रमा भू-संरक्षण योजना निर्माण गरी लागु गरिनेछ ।
- बारपाक सुलिकोट गाउँपालिकाको खोलाले कटान हुने र बाढीको उच्च जोखिम भएका स्थानमा तटबन्धको व्यवस्था गरिनेछ ।

## (ग) विपद् व्यवस्थापन तथा जलवायु उत्थाननशीलता

- विश्वव्यापी रुपमा प्रभाव परिरहेको जलवायु परिवर्तनका असरलाई न्यूनिकरण गर्ने र प्रकृति सँग अनुकूलित हुने उपायको खोजी गरी जीवन पद्धतिलाई सरल र सहज तुल्याइनेछ ।
- विपदको पूर्व तयारी तथा प्रतिकार्य योजना र विपद् व्यवस्थापन कोष निर्माण गरी खोज तथा उद्धार, राहत वितरण, पुनःसंरचना आदि कार्यलाई व्यवस्थित तुल्याइनेछ ।
- विपद सम्बन्धि सबै चक्रको आंकलन तथा लेखाजोखा गरी स्थानीय सरकार, प्रहरी, सेना, नागरिक समाज, रेडक्रस लगायत विभिन्न संघसंस्थासँग समन्वयात्मक सहकार्यमा विपद प्रतिकार्य सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।

## (५) सुशासन तथा संस्थागत विकास

### (क) स्थानीय सेवा तथा जनशक्ति व्यवस्थापन

- प्रत्येक वर्षमा गाउँपालिकाबाट गरिएको खर्चहरुको जनअनुमोदन गराउन सवै सरोकारवालाको उपस्थितिमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण गरिनेछ ।
- “प्रविधिमैत्री गाउँपालिका निर्माण गरी एकिकृत सफ्टवेयरबाट करप्रणाली, बजार निगरानी, नक्शा डिजिटलाईजेशन गरिनेछ ।
- गाउँपालिका भित्रका सवै वडा कार्यालयहरुबाट छिटोछरितो प्रभावकारी सेवा प्रवाह गरिनेछ। अनियमितता, ढिलासुस्ती, भष्टाचार र विकृतिका विरुद्ध निरुत्साहित गर्न नियमित, अनुगमन, निर्देशन र आवश्यक कार्यविधि तयार गरी कार्यान्वयन गरिनेछ ।
- शान्ति सुरक्षा अमन चयन कायम गर्न विशेष कार्ययोजना निर्माण गरी लागु गरिनेछ ।
- निजामती सेवा ऐन र नियमावली बमोजिम कर्मचारीले आचारसंहिता र आचरण पालना नगरेमा सो बमोजिम सजाय गरिनेछ।
- सक्षम र विश्वसनीय न्यायप्रणाली, शासकीय सुधार, पारदर्शिता, जबाफदेहिता, सदाचार र प्रविधिमा आधारित चुस्त सेवा प्रवाह नै भ्रष्टाचार रहित सदाचार युक्त समाज निर्माणको आधार हो । हाम्रो उदेश्य भनेको सार्वजनिक निकायका काम कारबाहिलाई पारदर्शिता, जबाफदेहि, सदाचार युक्त र प्रविधि मैत्रि बनाई जनसहभागिता र जन विश्वासमा अभिवृद्धि गर्नु हो ।
- जनतासँग अन्तरक्रिया कार्यक्रमलाई निरन्तर रूपमा कार्यतालिका बनाइ सञ्चालनमा ल्याइनेछ ।

- बस्तीस्तरबाट माग भई आएका योजनाको सम्भाव्यता अध्ययन गरी सोका आधारमा प्राविधिक लागत अनुमान तयार गरेर मात्रै बजेट व्यवस्थापन गर्ने नीति अबलम्बनमा कोशिस गरिनेछ। अनुगमन समितिको प्रतिवेदनको आधारमा मात्रै भुक्तानी प्रक्रिया अगाडि बढाइनेछ ।

- बारपाक सुलिकोट गाउँपालिका भित्रका निकायका कार्यहरुलाई थप दिगो र प्रभावकारी बनाउन विभिन्न माध्यमबाट सरोकारवालाको सुझाव संकलनका माध्यमबाट सरकारको कार्यप्रणालीमा थप सुधार गरिनेछ ।
- गाउँपालिका / वडामा कर्मचारी न्यून भई कार्यसम्पादन गर्न कठिन भई करारद्धारा पदपूर्ति गरी कार्य संचालन हुँदै आएकोमा तोकिएको पदमा स्थायी पदपूर्ति भए पश्चात् औचित्य र आवश्यकताको आधारमा करार कर्मचारीहरु विस्थापित गर्दै लगिनेछ ।
- गाउँपालिकाको दरबन्दी बमोजिम कर्मचारीको पदपूर्तिको सम्बन्धमा सम्बन्धित निकायमा माग गरिनेछ र दरबन्दी रिक्त हुनासाथ नियमानुसार लोकसेवा आयोगमा पदपूर्तिको लागि मागको आकृति फाराम पठाईनेछ ।
- सबै वडा कार्यालय र स्वास्थ्य संस्थामा क्रमशः E-हाजिरी र CCTV जडान गरि सूचना प्रविधिमैत्री बनाईदै लगिनेछ ।
- गाउँपालिकाबाट गरिने प्रत्येक गतिविधिमा निष्पक्ष, स्वतन्त्र, सूर्वमान्य सिद्धान्तलाई कानुन बमोजिम अवलम्बन गरिनेछ ।
- करको दर दायराको सम्बन्धमा समायानुकुल परिमार्जन गरि नागरिकहरुलाई सचेतना गराइनेछ।
- खर्च गर्ने अख्तियारी र खर्चको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ एवं प्रचिलत आर्थिक ऐन बमोजिम हुनेछ ।
- समय सापेक्ष नागरिक वडापत्रको अध्यावधिक गरि स्वास्थ्य संस्था, वडा र गाउँपालिका कार्यालयमा राखिनेछ ।
- सबै वडा कार्यालय, स्वास्थ्य संस्था र गाउँपालिका कार्यालयमा उजुरी पेटिका राखिनेछ ।

- गाउँपालिका भित्रका सबै कार्यालयहरुमा सूचना अधिकारी तथा गुनासो सुन्ने अधिकारीको व्यवस्था गर्दै लगिनेछ ।
- सार्वजनिक निजि साझेदारी सम्बन्धी नीतिगत व्यवस्था गरी कार्यान्वयन गरिनेछ।

## (ख) सङ्गठन तथा क्षमता विकास

- संगठन तथा व्यवस्थापन सर्भेक्षण प्रतिवेदन अनुसार संगठन संरचनालाई चुस्त र प्रभावकारी बनाईनेछ ।
- आवश्यकता अनुसार अन्तर स्थानीय तह बिचको बैठक तथा सर्वदलिय / सर्वपक्षीय बैठक बस्ने व्यवस्था मिलाईनेछ ।

- आवश्यकता अनुसार राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु र गाउँपालिका कार्यालय बिच संयुक्त बैठक गरि राय सुझाव संकलन गरिनेछ ।
- गाउँपालिका कार्यालय तथा वडा कार्यालयहरु एवं स्वास्थ्य संस्थाहरुमा सक्षमता वृद्धिका लागि बजेट तथा कार्यक्रम तय गरि जनप्रतिनिधि तथा कर्मचारीहरुलाई तालिम / अभिमुखीकरणद्वारा सक्षम बनाउँदै लगिनेछ ।
- टोल विकास संस्थाहरु गठन गरि समुदाय स्तरको क्षमता विकासमा प्रयास गरिनेछ ।

## (ग) राजस्व तथा स्रोत परिचालन

- बारपाक सुलिकोट गाउँपालिका क्षेत्रभित्रका राजस्वका क्षेत्र पहिचानलाई व्यापक र वैज्ञानिक तुल्याउदै, राजस्वका दर र दायराका आधारहरुलाई बस्तुनिष्ठ तथा प्रगतिशील बनाउदै लगिनेछ ।
- राजस्व प्रशासनलाई क्षमतावान, पारदर्शी र प्रविधिमा आधारित भई सूत्रमा अभिलेखबद्ध तुल्याउन तालिम तथा प्रविधिमा लगानी गरिनेछ भने नागरिकस्तरमा राजस्व संकलन प्रतिको विश्वसनियता अभिबृद्धि गर्न आवश्यक परामर्श तथा छलफललाई भौगोलिक क्षेत्रगत रुपमा तथा योगदान क्षेत्रका रुपमा सञ्चालन गरिनेछ ।
- बारपाक सुलिकोट गाउँपालिकासँग कुनै पनि रुपमा सम्बन्ध राख्ने संस्था, कम्पनी र गाँउपालिका भूगोल क्षेत्रभित्र कुनै पनि व्यवसाय, क्रियाकलाप तथा कारोबार गर्ने व्यक्ति वा संस्थालाई निरपेक्ष सेवाग्राहीको रुपमा कानुनी नागरिक ठानी, सूचिकृत भएपश्चात मात्र पहिलो सेवा सम्बन्ध कायम गरिनेछ ।
- अधिकतम आन्तरिक राजश्व संकलन प्रयोजनको लागि गाँउपालिका बाट प्रदान गरिने सेवा प्राप्त गर्न र उपभोक्ता समितिमा रहनको लागि अनिवार्य रुपमा कर तिरेको हुनुपर्नेछ तर विपद तथा प्रकोप, भवितव्य, विपन्न समुदायलाई आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा लागु हुने छैन ।

## (घ) बजेट कार्यान्वयन, योजना तर्जुमा, कार्यान्वयन तथा लेखाप्रणाली

- बजेट कार्यान्वयनमा प्रचलित कानुनको पालना, पारदर्शिता र चुस्त प्रतिवेदन प्रणालीको विकास गरिनेछ । जसका लागि मासिक, चौमासिक तथा बार्षिक कार्यक्रम कार्यान्वयन योजनाको निर्माण गरी, सो अनुसार कार्यान्वयनलाई व्यवस्थित र समयबद्ध तुल्याइनेछ ।
- वैधानिक रुपमा प्रक्रिया पूरा गरी सम्झौता पश्चात वा नियमानुसार अनुमति लिएर मात्र कार्यान्वयन चरणमा प्रवेश गरिनेछ । सम्झौता वा अनुमति विना गरिएको कामलाई कार्यालयको वैधानिक प्रणाली भित्र आवद्ध गरिनेछैन भने कार्यालयको आन्तरिक दायित्व मानिनेछैन ।
- खर्च गर्ने अख्तियारी र खर्चको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ एवं प्रचलित आर्थिक ऐन बमोजिम हुनेछ ।
- भूगोल तथा विषय क्षेत्रगत रुपमा नागरिकलाई प्रत्यक्ष सहभागी बनाइ संकलन गरिएका योजनाहरुको गहन विश्लेषण मार्फत छनौट गरी बारपाक सुलिकोट गाउँपालिका योजना बैङ्कको

निर्माण गरिनेछ । सरकारी तथा गैरसरकारी क्षेत्रबाट समेत सोही योजना बैङ्क बाट मात्र योजना कार्यान्वयन गरिने परिपाटी को व्यवस्था गरिनेछ ।

- बजेट निर्माणलाई व्यवस्थित र अभिलेखबद्ध तुल्याउन तथा चुस्त प्रतिबेदनका लागि निर्धारित सूत्रको प्रयोग गरिनेछ ।
- निर्मित योजनाहरु कार्यान्वयनको श्रेस्ता फाँटबारी व्यवस्थित गरी राखिनेछ र चौमासिक रुपमा आन्तरिक लेखा परीक्षण प्रणाली लाई कार्यान्वयन गरिनेछ।
- आन्तरिक नियन्त्रण प्रणाली लाई प्रभावकारी र व्यवस्थित गरिनेछ।
- महालेखा नियन्त्रकको कार्यालयबाट विकास गरिएका प्रणालीहरु (SuTRA, CGAS, NAMS, PAMS, LMBIS, PLMBIS) को पूर्ण रुपमा प्रयोग गरिनेछ।
- भुक्तानि प्रक्रियालाई सरल, प्रभावकारी र पारदर्शि बनाउनको लागि भुक्तानिमा EFT को प्रयोग गरिनेछ।

## (ङ) नीति, कानुन, न्याय तथा सुशासन

- सार्वजानिक कार्य र सेवालाई नागरिक मैत्री व्यवस्थित प्रभावकारी जनअनुमोदन योग्य मापदण्डमा आधारित कानुन निर्माण गरिनेछ ।
- न्यायिक समितिलाई व्यवस्थित, सुदृढ र सक्षम बनाईनेछ ।
- मेलमिलाप केन्द्रलाई व्यवस्थित गरी स्थानीय स्तरमा सद्भावना गतिविधिहरु अवलम्बन गरिनेछ ।
- भ्रष्टाचार समाज विरुद्धको अपराध हो, भ्रष्टाचार जन्य कार्य नियन्त्रण गरी सुशासनको अनुभुति दिलाईनेछ । त्यसका निमित्त सामाजिक तथा वैयक्तिक बुझाईमा सकारात्मक रुपान्तरणको थालनी गरिनेछ भने भष्टाचारजन्य क्रियाकलापका विरुद्ध निरोधात्मक एवं सम्बन्धित जिम्मेवार पक्षालाई दण्डात्मक कारवाहिलाई प्रभावकारी बनाईनेछ ।
- सार्वजनिक पदाधिकारीहरुको जीवन र व्यवहारलाई नागरिकका सामु पारदर्शि तथा सदाचारको व्यवहारिक अनुभूति दिलाईनेछ।
- कर्मचारीको कार्यसम्पादन स्तरमा सुधार गरी उत्प्रेरित तथा खरो भूमिकायुक्त तुल्याउन कार्यसम्पादनमा आधारित विशेष प्रोत्साहनको प्याकेजको व्यवस्था गरिनेछ ।
- राष्ट्रसेवक कर्मचारी तथा पदाधिकारीमा सामाजिक चेतनाको विकास गरी, सोचमा सकारात्मक परिवर्तन गराई समाजसेवाको क्षेत्रमा कार्य गर्न उत्प्रेरित गर्न विभिन्न तालिम, अन्तरक्रिया, घटना परिघटनाको अध्ययन आदि क्षेत्रमा संलग्न गराइनेछ ।
- जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीले पदीय दायित्वलाई आत्मसाथ गर्दै पूर्णरुपमा आचारसंहितालाई पालना गर्ने व्यवस्था मिलाईनेछ ।
- राजश्व सुधार कार्ययोजना, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण(लैससास) रणनीति, क्षमता विकास योजना लगायतका नीतिगत योजनाहरुलाई बजेट तथा कार्यक्रममा आन्तरिकिकरण गर्दै व्यवस्थित रुपमा कार्यान्वयन गरिनेछ।

## गाउँपालिका गौरवका योजना

- बारपाक ढल निकास आयोजना,
- घ्याम्पेशाल-देउराली- ताकुकोट- लाकुरीबोट- चनौटे सडक,
- ताकुकोट-स्वाँरा-सौरपानी -बारपाक सडक
- १५ शैय्याको सहिद प्रेम ढकाल स्मृति आधारभूत अस्पताल,
- सहिद आशाकाजी स्मृती रंगशाला,
- सहिद दिल बहादुर रम्तेल स्मृतिपार्क एवं जनयुद्ध संग्रहालय
- बारपाक भूकम्प स्मृति पार्क एवं संग्रहालय

**गाउँसभाका सदस्यज्यूहरु,**

लोकतान्त्रिक विधि र पद्धतिबाट निर्माण गरेका नीति तथा कार्यक्रमहरुको प्रभावकारी र व्यवस्थित कार्यान्वयन गर्न सवै विकास साझेदार सँग सहकार्य, रचनात्मक सहयोग तथा साझेदारीको अपरिहार्य आवश्यकता छ । यसैले यस सम्मानित गाउँसभा मार्फत समृद्ध बारपाक सुलिकोट गाउँपालिका निर्माणको महाअभियानमा सहकार्यका लागि सम्पूर्ण सरकारी निकायहरु, निजि क्षेत्र, अन्तराष्ट्रिय संघ संस्थाहरु, गैर सरकारी संघ संस्थाहरु, विभिन्न विकास साझेदारहरु, टोल विकास संस्थाहरु एंव अन्य सरोकारवाला सँग हार्दिक अनुरोध गर्न चाहान्छु ।

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमले यस गाउँपालिकाको समग्र विकासमा सकारात्मक र दुरगामी प्रभाव पार्ने विश्वास लिदै आगामी आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित योजना तथा कार्यक्रम मस्यौदा तयार गर्न प्रत्यक्ष अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने विषय विज्ञ महानुभावहरु, राजनैतिक दल, नागरिक समाज, बुद्धिजिवि मित्रहरु, गैर सरकारी संस्थाका साझेदार मित्रहरु, टोल विकास संस्थाका मित्रहरु, विकास साझेदार मित्रहरु, ट्रेड यूनियनका मित्रहरु, शिक्षक, प्राध्यापक, पत्रकार तथा यस गाउँपालिका वासी सम्पूर्ण दाजुभाई दिदि बहिनीहरु, गाउँपालिकाका हरेक गतिविधिको बारेमा सत्यतथ्य सूचना प्रवाह गरी सहयोग पुयाउनु हुने संचारकर्मी मित्रहरु एंव राष्ट्र सेवक कर्मचारीहरुलाई म हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

**धन्यवाद !**

**२०८२ असार १० गते मंगलबार।**

**विष्णु प्रसाद भट्ट**

**अध्यक्ष, बारपाक सुलिकोट गाउँपालिका, गोरखा।**